# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६३ | काठमाडौं | बिहीबार, ११ असार २०८३ | Prabhab National Daily | Thursday, 25 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

बहसमा प्रत्यक्ष निर्वाचित कार्यकारी

## निरंकुशताको जोखिम देख्छन् राजनीतिशास्त्री



हामी स्थिर नेतृत्व, स्पष्ट जिम्मेवारी र बारम्बार सरकार परिवर्तनको अन्त्यका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा छौं ।

**रवि लामिछाने**
सभापति, रास्वपा



संसद्, राजनीतिक दल, संवैधानिक निकाय र अन्य निगरानी संयन्त्रहरु प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा कमजोर बन्ने खतरा रहन्छ ।

**अर्जुननरसिंह केसी**
प्रतिनिधिसभा सदस्य, कांग्रेस



लोकतन्त्रको संस्थागत सुदृढीकरण भइसकेको छैन । यस्तोमा प्रत्यक्ष निर्वाचित कार्यकारीले सत्ता र शक्तिको दुरुपयोग गर्ने सम्भावना रहन्छ ।

**लोकराज बराल**
राजनीतिशास्त्री

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पहिलो महाधिवेशनबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको एजेण्डा अघि सारेसँगै शासकीय स्वरूपबारेको बहस फेरि सतहमा आएको छ ।

रास्वपा सभापति रवि लामिछानेले चितवनमा जारी महाधिवेशनमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा स्थिर नेतृत्व, स्पष्ट जिम्मेवारी र बारम्बार सरकार परिवर्तनको अन्त्यका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख आवश्यक रहेको उल्लेख गरेका छन् । तर, यही प्रस्तावले राजनीतिक वृत्तमा समर्थनसँगै गम्भीर प्रश्न पनि जन्माएको ।

यदि अहिले नै संस्थागत संस्कार कमजोर छ भने प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री वा राष्ट्रपति थप शक्तिशाली हुँदा त्यसको प्रयोग कसरी हुने छ ? केही राजनीतिशास्त्री र विश्लेषकहरूले प्रधानमन्त्री वालेन्द्र शाहको कार्यशैलीलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै यस्तो प्रणालीले निरंकुशताको जोखिम बढाउन सक्ने चेतावनी दिएका छन् ।

प्रधानमन्त्री शाहको कार्यशैली जननिर्वाचित प्रतिनिधिमूलक निकायप्रति उत्तरदायी हुने संसदीय प्रणालीभन्दा प्रत्यक्ष जनमतबाट शक्तिशाली बनेको कार्यकारी नेतृत्वजस्तो देखिने गरेको छ । राजनीतिशास्त्री लोकराज बराल वालेन्द्र शैलीलाई 'निर्वाचित अधिनायकवाद'तर्फ उन्मुख प्रवृत्तिका रूपमा टिप्पणी गर्छन् । 'वालेन्द्र संसद्बाट निर्वाचित प्रधानमन्त्री हुन् । उनी संसद्प्रति उत्तरदायी हुनुपर्छ । तर, संसद्लाई अवमूल्यन गरेका छन्, संसद् केही पनि होइन जस्तो गरेका छन्,' उनले प्रभावसँग भने, 'अझ प्रत्यक्ष निर्वाचित कार्यकारी भए उनी निर्वाचित अधिनायकवादतिर उन्मुख हुने रहेछ ।'

संसदीय प्रणालीको सबैभन्दा ठूलो विशेषता शक्ति सन्तुलन र जवाफदेहिता हो । प्रधानमन्त्री संसद्प्रति संसदीय प्रणालीमा उत्तरदायी हुन्छन् र संसद्ले आवश्यक परे सरकारलाई नियन्त्रण गर्न सक्छ । तर, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले आफूलाई जनताबाट प्रत्यक्ष अधिकार प्राप्त भएको दाबी गर्दै अन्य संस्थाहरूलाई कमजोर पार्ने सम्भावना रहन्छ ।

राजनीतिशास्त्री बराल नेपालमा राजनीतिक संस्कार अझै परिपक्व भइनसकेकाले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख जोखिमपूर्ण हुन सक्ने बताउँछन् । उनका अनुसार शक्तिशाली कार्यकारी प्रमुखले आफूलाई जनमतको एकमात्र प्रतिनिधि ठानेर शक्ति केन्द्रीकरण गर्न सक्छन् ।

'संविधान जारी भएको डेढ दशक हुन लाग्यो । लोकतन्त्रको संस्थागत सुदृढीकरण भइसकेको छैन । यस्तोमा प्रत्यक्ष निर्वाचित कार्यकारीले सत्ता र शक्तिको दुरूपयोग गर्ने सम्भावना रहन्छ,' उनले भने । काठमाडौं उपत्यकाको नदी किनारका बस्ती हटाउने निर्णय, अनधिकृत संरचनामाथिको डोजर अभियान, विभिन्न सरकारी निकायसँगको टकराव, संसद्प्रति गैरजिम्मेवार र अवमूल्यन गर्ने प्रवृत्ति तथा सार्वजनिक अभिव्यक्तिहरूले प्रधानमन्त्री वालेन्द्र सर्वशक्तिमान शासक भएकोसन्देश प्रवाह भएको छ ।

क्रमशः पृष्ठ २ मा

# राष्ट्रपति हटाउने कसरतमा प्रधानमन्त्री शाह

### राजीनामा दिन निरन्तर दबाब, कार्यकाल पूरा गर्ने अडानमा राष्ट्रपति पौडेल

- राष्ट्रपति पौडेललाई हटाएर आफूनिकट व्यक्तिलाई राष्ट्रपति बनाउने प्रधानमन्त्रीको दाउ
- मार्गप्रशस्त गर्न भन्दै राष्ट्रपतिमाथि पटक-पटक दबाब दिएको स्रोतको दाबी
- राजनीतिक दबाबका आधारमा पद नछाड्ने राष्ट्रपति पौडेलको प्रस्टोक्ति
- अध्यादेश रोकेपछि राष्ट्रपतिसँग चिढिएका थिए प्रधानमन्त्री
- राजीनामा नदिए महाअभियोग लगाएर हटाउने तयारी
- दरबार हत्याकाण्डको छानबिन गर्ने गृहमन्त्रीको निर्णय राष्ट्रपति पौडेल लक्षित



**रामचन्द्र पौडेल**, राष्ट्रपति



**वालेन्द्र शाह**, प्रधानमन्त्री

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलमाथि पद त्याग गर्न दबाब परेको छ । प्रधानमन्त्री वालेन्द्र शाहले तीनपटक पद त्याग गर्न दबाब दिएको खुलेको हो । प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेयता शाहले पटक-पटक राजीनामा दिएर अलग हुन राष्ट्रपति पौडेललाई दबाब दिएको राष्ट्रपतिनिकट स्रोतले जनायो ।

स्रोतका अनुसार प्रधानमन्त्री शाहले नयाँ जनादेश र जेन-जी विद्रोहपछि परिवर्तित राजनीतिक सन्दर्भमा पुरानो नेतृत्वले निरन्तरता पाउनु उपयुक्त नहुने तर्क गर्दै राष्ट्रपतिलाई मार्गप्रशस्त गर्न दबाब दिएका हुन् । तर, राष्ट्रपति पौडेलले भने संविधानले दिएको कार्यकाल पूरा गर्ने अडान कायम राखेका छन् । उनले राष्ट्रपति पद व्यक्तिगत नभई संवैधानिक जिम्मेवारी भएको बताउँदै कार्यकाल पूरा नगरी पद त्याग गर्दा देश संवैधानिक जटिलतामा धकेलिन सक्ने तर्क गर्दै आएका छन् । संविधानको रक्षा राष्ट्रपतिको प्रमुख दायित्व भएकाले कुनै पनि राजनीतिक दबाबका आधारमा पद नछाड्ने राष्ट्रपति पौडेल स्पष्ट पारेका छन् ।

राष्ट्रपतिमाथि राजीनामाको दबाब पहिलोपटक उठेको भने होइन । जेन-जी विद्रोहपछि तत्कालीन प्रधानसेनापति अशोकराज सिग्देलले समेत राष्ट्रपति पौडेललाई पद छाड्न सुझाव दिएको विवरण सार्वजनिक भएको थियो । त्यसबेला पनि राष्ट्रपति पौडेलले संविधानभन्दा माथि कुनै शक्ति नरहेको भन्दै पद नछाड्ने अडान लिएका थिए । अहिले पनि उनले सोही अडान दोहोऱ्याउने गरेका छन् । स्रोतले भन्यो, 'प्रधानमन्त्रीले तपाईं नयाँ राजनीतिक सन्दर्भमा राष्ट्रपति पदमा बसिरहन

> 'दरबार हत्याकाण्ड छानबिन गर्ने निर्णय राष्ट्रपतिलक्षित छ, जब छानबिन सुरू हुन्छ र तत्कालीन गृहमन्त्री रहेका राष्ट्रपति रामचन्द्र पौडेलले राजीनामा दिनुपर्ने अवस्था आउन सक्छ । त्यही कदम अहिले चालेको देखियो ।'

शोभनीय हुँदैन, राजीनामा दिनुपऱ्यो भन्नुभयो । यस्तो भनेको तीनपटक भइसक्यो तर संवैधानिक जिम्मेवारी रहेको हुनाले म राजीनामा दिन्नँ भनेर राष्ट्रपतिले भन्नुभएको छ ।'

पछिल्लो समय राष्ट्रपति पौडेल र प्रधानमन्त्री शाहबीचको सम्बन्ध औपचारिकतामा मात्रै सीमित भएको देखिन्छ । दुई पदाधिकारीबीच राजनीतिक संवादसमेत हुन छाडेको छ । यही पृष्ठभूमिमा प्रधानमन्त्री शाह राष्ट्रपतिलाई हटाउन दबाब र राष्ट्रपति संस्थाप्रति असहज व्यवहारका घटनाहरू एकपछि अर्को गर्दै आएका छन् ।

उदाहरणका रूपमा गत २८ वैशाखको प्रतिनिधिसभा बैठकलाई लिऔं । त्यस दिन संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति पौडेलले सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दा प्रधानमन्त्री शाह बीचमै उठेर हिँडेका थिए । उक्त घटनापछि प्रधानमन्त्री शाह सर्वत्र आलोचित भए । राष्ट्रप्रमुखले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका बेला प्रधानमन्त्री शाहको यस्तो व्यवहारलाई धेरैले असामान्य, अमर्यादित र राष्ट्रपति संस्थाप्रतिको अनादरका रूपमा टिप्पणी गरेका थिए ।

उनै शाहले १५ जेठमा गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहलाई प्रधानमन्त्रीको रूपमा सम्बोधन गरेनन् । सामान्यतया प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यक्रम भए पनि उनले सम्बोधन नगरी राष्ट्रपतिलाई नै आफ्नो तर्फबाट सम्बोधन गर्न दिएका थिए । यो विषयलाई राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको थियो । गणतन्त्रको प्रतीक राष्ट्रपति संस्था भएको र त्यसतर्फ अरुचि राख्दै गणतन्त्र दिवसलाई सम्बोधन गर्नबाट पछि हट्ने उनको शैलीले राष्ट्रपतिसँगको कटुतापूर्ण सम्बन्ध थप उजागर गरेको थियो ।

राष्ट्रपति र प्रधानमन्त्रीबीचको तनावको अर्को महत्त्वपूर्ण कडी अध्यादेश विवाद बनेको थियो । वैशाखको तेस्रो साताामा सरकारले एकैपटक आठवटा अध्यादेश ल्याएर प्रमाणीकरणका लागि शीतलनिवास पठाएको थियो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## सीप प्रमाणीकरण गर्नबाट पछि नहट्ने साउदीको अडान

### आधिकारिक पत्र पाएसँगै छलफलमा जुट्यो श्रम मन्त्रालय

बल्ल आधिकारिकरूपमा जानकारी आएको छ । यो विषयमा सुरूमा दूतावाससँग छलफल गर्छौं । मन्त्रालयले पनि आन्तरिक छलफल गर्छ । अनि सबै कुरा बुझिसकेपछि के गर्ने भन्ने निर्णय हुन्छ ।

**पिताम्बर घिमिरे**
प्रवक्ता, श्रम मन्त्रालय

यस्तो नीति ल्याउँदा श्रमिकलाई भार पार्ने, जाने श्रमिकलाई रोक्ने सम्भावना हुन्छ । सरकारले पहल गरेर हाललाई कार्यान्वयन नगर्नेतर्फ जानुपर्छ ।

**सोम लुइटेल**
श्रमविद्

यसले श्रमिकलाई नै आर्थिक भार पार्छ । स्वास्थ्य परीक्षण, सीप प्रमाणीकरण जे-जे भने पनि पैसा तिर्ने श्रमिक नै हुन् ।

**अख्तर हुसेन**
व्यवसायी




■ **ममता थापा**

**काठमाडौं–** साउदी अरबले त्यहाँ जाने श्रमिकका सीप प्रमाणीकरण कार्यक्रम (एसभिपी) कार्यान्वयन गर्नेबारे सरकारलाई जानकारी गराएको छ । नेपालस्थित साउदी दूतावासले परराष्ट्र मन्त्रालयमार्फत युवा, श्रम तथा रोजगार मन्त्रालयलाई पत्र पठाएको हो ।

मन्त्रालयले बुधबार साउदीको आधिकारिक पत्र प्राप्त गरेको श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिए । पत्र प्राप्त भएसँगै उक्त विषयमा आवश्यक छलफल गर्ने बाटो खुलेको उनले बताए । 'आधिकारिकरूपमा बल्ल जानकारी आएको छ । पत्रमा दूतावासले निकालेको सूचना र उक्त प्रावधान लागू गरिएको भनेर उल्लेख छ,' उनले भने, 'यो विषयमा सुरूमा दूतावाससँग छलफल गर्छौं । मन्त्रालयले पनि आन्तरिक छलफल गर्छ । अनि सबै कुरा बुझिसकेपछि के गर्ने भन्ने निर्णय हुन्छ ।'

साउदी दूतावासले असार ३ गते सीप प्रमाणीकरण कार्यक्रमको उद्घाटन कार्यक्रम राखेको थियो । तर, वैदेशिक रोजगार व्यवसायीहरूले साउदी राजदूतले उद्घाटन गर्न लागेको कार्यक्रम बिथोलिदिए । त्यसपछि उक्त कार्यक्रम स्थगन गरिएको थियो । साउदी दूतावासले अन्य मुलुकमासमेत यो कार्यक्रम लागू भइसकेकाले नेपालमा पनि कार्यान्वयन गरिने अडान दोहोऱ्याएको थियो । सोही अडानको पत्र बुधबार मन्त्रालयले प्राप्त गरेको हो ।

दूतावासले यो कार्यक्रम श्रमिककै हितमा रहेको दाबी गर्दै आएको छ । दूतावासकाअनुसार दक्ष कामदारको सुनिश्चित गर्न सीप प्रमाणीकरण गर्न लागिएको हो । हाल लोड/अनलोड वर्कर, क्यारियर, ह्विलब्यारो वर्कर, कन्स्ट्रक्सन र कस्न्ट्रक्टिङ वर्क गरी पाँचवटा पेसाका लागि सीप प्रमाणीकरण लागू गरिने र पछि अन्य पेसामा विस्तार गर्दै लगिने दूतावासले जारी गरेको सूचनामा उल्लेख छ । यसका लागि श्रमिकले सैद्धान्तिक र प्रयोगात्मक परीक्षाबापत करिब १५ हजार रूपैयाँ बुझाउनुपर्नेसमेत भनिएको छ ।

श्रमविद् सोम लुइँटेल यस्ता नीतिहरू ल्याउँदा श्रमिकमाथि व्ययभार थपिन नहुने बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

रास्वपा महाधिवेशन

## प्रधानमन्त्री शाहले मैदान छाडे, नौ जना मन्त्री भिड्दै

- केन्द्रीय सदस्यका लागि ३८४ जनाको उम्मेदवारी
- हारको डरले वालेन्द्र समूह प्रतिस्पर्धामा नउत्रेको दाबी
- वालेन्द्र समूहलाई सभापति लामिछानेले केन्द्रीय समितिमा मनोनीत गरेर पदाधिकारी बनाउने तयारी




**मतदानका लागि तयार पारिएको विद्युतीय भोटिङ मेसिन ।** *तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको ९९ केन्द्रीय सदस्य पदका लागि हुने निर्वाचनका लागि ३८४ जनाको उम्मेदवारी परेको छ । असार ७ गतेदेखि चितवनको भरतपुरमा जारी महाधिवेशनको बन्दसत्रपछि सुरू भएको निर्वाचनमा केन्द्रीय सदस्यका लागि उम्मेदवारको ओइरो लागेको हो ।

केन्द्रीय सदस्य चयनका लागि बुधबार राति १० बजेदेखि सुरू हुने भनिएको मतदान यो समाचार तयार पार्दासम्म सुरु हुन सकेको थिएन । निर्वाचन आयोगका प्रमुख भुवन केसीले मतदान रातभर नै चल्ने बताएका थिए । त्यसअघि राति ८:३० देखि सुरू हुने भनिए पनि भोटिङ मेसिनमा उम्मेदवारको नाम इन्ट्री गर्न ढिला भएपछि मतदानको समय सारिएको थियो । मतदानका लागि ८० वटा मेसिन राखिएको छ । आज बिहानबाट मतगणना गर्ने तयारी रहेको आयोगले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

### पदाधिकारीको निर्वाचन आज

केन्द्रीय सदस्यको निर्वाचनपछि पदाधिकारी चयनका लागि निर्वाचन हुने रास्वपाका नेता मनिष झाले जानकारी दिए । झाका अनुसार आज साँझसम्ममा पदाधिकारीको मतपरिणामसमेत आइसक्ने छ ।

दोस्रो चरणमा दुई उपसभापति (एक महिलासहित), एक महामन्त्री र तीन सहमहामन्त्री चयनका लागि निर्वाचन हुने छ । निर्वाचित केन्द्रीय सदस्यहरू मात्र पदाधिकारीमा उम्मेदवार बन्न सक्छन् । यीबाहेक एक उपसभापति, दुई महामन्त्री, दुई सहमहामन्त्री, कोषाध्यक्ष, दुई सहकोषाध्यक्ष, प्रवक्ता र तीन सहप्रवक्ता सभापतिले मनोनीत गर्ने प्रावधान विधानमा राखिएको छ ।

## पृष्ठ १ बाट क्रमशः

# राष्ट्रपति हटाउने...

तीमध्ये संवैधानिक परिषद्सम्बन्धी अध्यादेशलाई लिएर राष्ट्रपति पौडेलले गम्भीर चासो व्यक्त गरेका थिए । उक्त अध्यादेशका केही प्रावधान संविधानको मर्म र भावनाविपरीत रहेको निष्कर्षसहित राष्ट्रपति पौडेलले त्यसलाई पुनर्विचारका लागि सरकारलाई नै फिर्ता पठाएका थिए । तर, मन्त्रिपरिषद्ले कुनै संशोधन नगरी जस्ताको तस्तै अध्यादेश पुनः राष्ट्रपतिसमक्ष पठाएको थियो ।

त्यसपछि राष्ट्रपति पौडेल अप्ठ्यारोमा परेका थिए । एकातिर संविधानको संरक्षकका रूपमा आफ्नो भूमिका थियो भने अर्कोतर्फ सरकारसँग प्रत्यक्ष टकरावको जोखिम पनि थियो । अन्ततः उनले अध्यादेश प्रमाणीकरण गरे । तर, त्यसबेला प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससँगै नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलेसमेत अध्यादेशप्रति असन्तुष्टि जनाएका थिए ।

भनिन्छ, यदि राष्ट्रपति पौडेलले उक्त अध्यादेश प्रमाणीकरण गर्न अस्वीकार गरेको अवस्थामा महाभियोग प्रस्ताव ल्याएर हटाउने विकल्पसमेत प्रधानमन्त्री शाहले सोचेका थिए । यस्तोमा प्रधानमन्त्री शाहले राष्ट्रपति संस्थालाई निरन्तर कमजोर बनाउने रणनीति अवलम्बन गरेको आरोप लाग्दै आएको छ । गणतन्त्रात्मक शासन व्यवस्थामा राष्ट्रपति राष्ट्रको प्रमुख र संविधानको संरक्षक मानिन्छन् । त्यसैले राष्ट्रपतिसँगको सार्वजनिक व्यवहारलाई व्यक्तिगत सम्बन्धका रूपमा नभई राज्यका संस्थाहरूबीचको सम्बन्धका रूपमा हेरिन्छ ।

यही क्रममा जेन-जी विद्रोहका बेला भएको घटनाले पनि नयाँ प्रश्न उठाएको थियो । २०८२ भदौ २३ र २४ गते भएको विद्रोहका क्रममा प्रदर्शनकारीहरूले राष्ट्रपति कार्यालय शीतलनिवास क्षेत्रमा प्रवेश गरी आगजनी तथा तोडफोड गरेका थिए । उक्त समयमा राष्ट्रपति नेपाली सेनाका परमाधिपति भए पनि सेनाले कुनै कदम चालेन । त्यसपछि सेनाको व्यापक आलोचना भयो । राष्ट्रपति संस्थाको सुरक्षा र सम्मान जोगाउन राज्य संयन्त्र असफल भएको टिप्पणी त्यतिबेला व्यापकरूपमा भएको थियो ।

यसैबीच सरकारले २५ वर्षअघि भएको राजदरबार हत्याकाण्डको अनुसन्धान पुनः अघि बढाउने निर्णय गरेपछि राजनीतिक तरंग थप तीव्र बनेको छ । गृहमन्त्री सुधन गुरुङले १० जेठ २०५८ मा भएको घटनाको पुनः अनुसन्धान गर्ने निर्णय गरिसकेका छन्, जतिबेला वर्तमान राष्ट्रपति पौडेल गृहमन्त्री थिए । त्यसकारण अनुसन्धानको दायरा तत्कालीन जिम्मेवार पदाधिकारीसम्म पुग्न सक्ने अनुमान गरिएको छ ।

'दरबार हत्याकाण्ड छानबिन गर्ने निर्णय राष्ट्रपतिलक्षित छ, जब छानबिन सुरु हुन्छ र तत्कालीन गृहमन्त्री रहेका राष्ट्रपति पौडेलले राजीनामा दिनुपर्ने अवस्था आउन सक्छ, त्यही कदम अहिले चालेको देखियो,' स्रोतले भन्यो । राष्ट्रपतिलाई पद छाड्न दिएको दबाब, संसद्मा देखिएको व्यवहार, गणतन्त्र दिवसमा देखिएको दूरी, अध्यादेश विवाद, शीतलनिवास घटनामा देखिएको निष्क्रियता तथा दरबार हत्याकाण्ड अनुसन्धानको पुनरुत्थानलाई अलग-अलग घटनाका रूपमामात्र हेर्न कठिन हुँदै गएको छ । यी सबै घटनाले राष्ट्रपति र प्रधानमन्त्रीबीचको सम्बन्धमा गहिरो अविश्वास र शक्ति संघर्ष उत्कर्षमा पुगेको देखिएको छ ।

यसबीच पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको नाम भावी राष्ट्रपतिका रूपमा केही महिनादेखि नै चर्चामा छ । प्रधानमन्त्री शाहका अनौपचारिक राजनीतिक सल्लाहकारका रूपमा सक्रिय रहेको टिप्पणी खेपिरहेका भट्टराईलाई भावी राष्ट्रपतिका रूपमा हेरिन थालेको छ ।

यी घटनाक्रमले गणतन्त्र स्थापना भएको झण्डै दुई दशकपछि राष्ट्रपतिमाथि पद त्याग गर्न दबाब परेको दाबी, राष्ट्रपति संस्थाप्रति सार्वजनिक रूपमा देखिएको असहज व्यवहार र शीतलनिवास तथा अध्यादेशसँग जोडिएका विवादहरूले देशको समकालीन राजनीतिमा नयाँ शक्ति संघर्षको संकेत गरिरहेका छन् । यी घटनाहरूले दुई व्यक्तिबीचको सम्बन्धलाई मात्र होइन, गणतान्त्रिक व्यवस्थाभित्र रहेका संवैधानिक संस्थाहरूको भविष्य र तिनको भूमिकामाथिसमेत गम्भीर प्रश्न खडा गरेको छ ।

■■■

# निरंकुशताको...

तर, यही शैलीले लोकतान्त्रिक संस्थाभन्दा व्यक्तिलाई केन्द्रमा राख्ने प्रवृत्ति पनि बलियो बनाएको आलोचकहरूको तर्क छ । कांग्रेस सांसद अर्जुननरसिंह केसीको विचारमा संसद्, राजनीतिक दल, संवैधानिक निकाय र अन्य निगरानी संयन्त्रहरू प्रत्यक्ष निर्वाचित कार्यकारीमा कमजोर बन्ने खतरा रहन्छ ।

यद्यपि, प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्थाका समर्थकहरू भने फरक तर्क गर्छन् । रास्वपाकै सांसद यज्ञमणि न्यौपानेको भनाइमा नेपालको संसदीय प्रणालीले बारम्बार अस्थिर सरकार उत्पादन गरेको विगत छ । सरकार गठन र विघटनको खेलले नीति कमजोर भएको तथा विकासका काम प्रभावित भएको र प्रत्यक्ष कार्यकारीको आवश्यकता महसुस गरिएको बताए ।

'हामीले यसअघि देख्यौं कि संसद्मा सरकार गठन र विघटनको खेल वाक्क दिक्क हुनेगरी भयो । भलै यसपटक त्यस्तो छैन,' उनले भने, 'यस्तो सत्ताको घृणित कार्य सदाको अन्त्य गर्न प्रत्यक्ष निर्वाचित कार्यकारीको वकालत रास्वपाले गरेको हो ।'

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले लामो समयदेखि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीको वकालत गर्दै आएका छन् । उनका अनुसार प्रत्यक्ष जनमतबाट निर्वाचित नेतृत्वले निश्चित अवधिसम्म स्थिर सरकार दिन सक्छ । यसले विकास, सुशासन र दीर्घकालीन नीति कार्यान्वयनमा सहयोग पुग्ने उनको तर्क छ । तत्कालीन नेकपा माओवादी केन्द्र (हालको नेपाली कम्युनिस्ट पार्टी), जनता समाजवादी पार्टी नेपाल लगायतका दलले पनि प्रत्यक्ष निर्वाचित कार्यकारीको एजेण्डा उठाउँदै आएका थिए । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले राजनीतिक स्थिरता दिने र जनताले प्रत्यक्षरूपमा नेतृत्व चयन गर्न पाउने भएकाले लोकतान्त्रिक वैधता अझ बलियो हुने ती दलको तर्क छ ।

तर, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले स्थिरतामात्र लोकतन्त्रको अन्तिम लक्ष्य नभएको जनाउँदै लोकतन्त्रमा शक्ति नियन्त्रण, जवाफदेहिता र संस्थागत सन्तुलन पनि उत्तिकै महत्त्वपूर्ण हुने जनाएको छ । सांसद केसीको भनाइमा शक्तिशाली कार्यकारीले स्थिरता दिन सक्छ तर यदि त्यसलाई नियन्त्रण गर्ने संयन्त्र कमजोर भयो भने लोकतन्त्र नै संकटमा पर्न सक्छ ।

नेपालको संविधान निर्माणका क्रममा पनि यही विषयमा लामो बहस भएको थियो । तत्कालीन एकीकृत नेकपा माओवादी र मधेसी जनअधिकार फोरमले प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्ष लिएका थिए । नेपाली कांग्रेस र एमाले संसदीय प्रणालीको पक्षमा उभिएका थिए । अन्ततः संसद्बाट प्रधानमन्त्री चयन हुने वर्तमान प्रणालीमा सहमति भएको थियो ।

संविधान जारी भएको एक दशकपछि फेरि यही बहस सतहमा आएको छ । रास्वपाले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको एजेण्डा अघि सारेसँगै संविधान संशोधनको बहसमा यो विषय प्रमुख रूपमा प्रवेश गरेको छ । तर, वालेन्द्र शाहको कार्यशैलीलाई लिएर भइरहेको चर्चा र आलोचनाले भने अर्को प्रश्न पनि उठाएको छ कि नेपालजस्तो संक्रमणकालीन लोकतन्त्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वले स्थिरता दिन्छ कि शक्ति केन्द्रीकरणलाई वैधता प्रदान गर्छ ?

■■■

# सीप प्रमाणीकरण...

यसले धेरै श्रमिकलाई रोजगारीको अवसरबाट वञ्चित गर्ने हुँदा उनीहरूलाई विस्तारै सीपयुक्त बनाएर मात्र कार्यान्वयनमा जानु उपयुक्त हुने उनको तर्क छ ।

'यस्तो नीति ल्याउँदा श्रमिकलाई भार पार्ने, जाने श्रमिकलाई रोक्ने सम्भावना हुन्छ । सरकारले पहल गरेर हाललाई कार्यान्वयन नगर्नेतर्फ जानुपर्छ,' उनले भने, 'कार्यान्वयन गराउने हो भने विस्तारै सीप सिकाउँदै क्रमिकरूपमा जान सकिन्छ । कि रोजगारदाताले तिर्छ भन्ने सुनिश्चित गर्नुपर्‍यो ।'

वैदेशिक रोजगार व्यवसायीसँगको छलफलमा साउदीका राजदूतले कतिपय श्रमिकले अपेक्षाकृतरूपमा काम गर्न नसकेकाले उनीहरूको दक्षता परीक्षण गर्नु आवश्यक रहेको अडान राखेका थिए । साउदीमा श्रमिक पठाउँदै आएका व्यवसायी अख्तर हुसेनले सीप प्रमाणीकरण कार्यान्वयनमा आए साउदीको काम गर्न गाह्रो हुने बताए । कतिपय पेसामा सीप प्रमाणीकरण नै आवश्यक नपर्ने र सीप प्रमाणीकरण गरे पनि श्रमिकलाई आर्थिक भार पार्न नहुने उनको भनाइ छ ।

'एउटा लोड/अनलोडिङ गर्ने श्रमिकको कस्तो सीप प्रमाणीकरण गर्ने ? त्यही सीप नभएरै त्यस्तो काममा जान खोजेको हुन्छ,' व्यवसायी हुसेनले भने, 'अर्कोतर्फ यसले श्रमिकलाई नै आर्थिक भार पार्छ । स्वास्थ्य परीक्षण, सीप प्रमाणीकरण जे-जे भने पनि पैसा तिर्ने श्रमिक नै हुन् ।'

साउदीको मानव संसाधन र सामाजिक विकास मन्त्रालयले २०२१ जुलाई एक तारिखबाट एसभिपी कार्यान्वयनमा ल्याएको थियो । यसले साउदीका २३ क्षेत्रका एक हजार पेसालाई लक्षित गरेको जनाइएको छ । सो कार्यक्रम पहिलोपटक पाकिस्तानमा कार्यान्वयन गरिएको थियो । त्यसपछि भारत, बंगलादेश, तथा श्रीलंकामा पनि यसको अभ्यास सफल भएकाले सन् २०२३ बाट इजिप्टमा कार्यान्वयन गरिएको थियो ।

साउदी प्रेस एजेन्सीले जनाएअनुसार हाल साउदीमा श्रमिक पठाउने सबै स्रोत मुलुकमा सीप प्रमाणीकरण हुन थालिसकेको छ । कार्यक्रमको दायरा विस्तार हुँदै गएको अवस्थामा नेपालमा पनि कार्यान्वयन गर्न खोजिएको देखिन्छ । विगतमा केही वर्ष अघिदेखि यसलाई कार्यान्वयन गर्ने प्रयास भए पनि हालसम्म सफल भएको थिएन । यसपटक भने साउदी सरकार निर्णयबाट पछि नहट्ने पक्षमा देखिएको छ ।

■■■

# प्रधानमन्त्री...

## केन्द्रीय सदस्यमा उम्मेदवारी दिने मन्त्री नै नौ जना

प्रथम महाधिवेशनमार्फत रास्वपाले नयाँ नेतृत्व चयन गर्न केन्द्रीय समितिका विभिन्न पद तथा सदस्यका लागि निर्वाचन प्रक्रिया अघि बढाएको जनाएको छ । केन्द्रीय समितिमा विभिन्न क्लस्टरबाट ३८४ जनाले उम्मेदवारी दिएका छन् । भरतपुरमा जारी प्रथम राष्ट्रिय महाधिवेशनअन्तर्गत केन्द्रीय समितिमा नौ जनाले उम्मेदवारी दिएका छन् । प्रारम्भिक सूचीअनुसार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गण्डकी प्रदेश खुलातर्फबाट उम्मेदवारी दिएका छन् । केन्द्रीय सदस्य निर्वाचित भए वाग्ले उपसभापति बन्ने छन् ।

परराष्ट्रमन्त्री शिशिर खनालले खुलातर्फ उम्मेदवारी दिएका छन् । खनालले महामन्त्रीमा दाबी गरेका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बागमती प्रदेश खुलातर्फ उम्मेदवारी दिएका छन् । विराजभक्त उपसभापतिको दाबेदार हुन् । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले बागमती प्रदेशतर्फबाट उम्मेदवारी दिएका छन् । सोविताले महिला उपसभापतिमा दाबी गरेकी छन् ।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता वादीले कर्णाली भूगोलतर्फ, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले कोशी भूगोलतर्फ, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले खुला केन्द्रीय सदस्यतर्फ तथा कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले सुदूरपश्चिम खुलातर्फ केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिएका छन् । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले खुला मधेसी समूहबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन् । केन्द्रीय समितिका सदस्यका निर्वाचन परिणाम आएपछिमात्र पदाधिकारीको निर्वाचन हुने छ ।

## प्रधानमन्त्री शाहलाई मनोनीत गरिने

प्रधानमन्त्री वालेन्द्र शाह वरिष्ठ नेता बन्ने निश्चित भए पनि केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छैनन् । सपभापतिबाहेक पदाधिकारी बन्न रास्वपाले केन्द्रीय सदस्य हुनै पर्ने विधानमा व्यवस्था गरेको छ ।

प्रधानमन्त्री शाह मतदानसमेत नगरी काठमाडौं फर्किसकेका छन् । शाहलाई सभापति रवि लामिछानेले पहिले केन्द्रीय सदस्यमा मनोनीत गर्ने, त्यसपछि वरिष्ठ नेतामा मनोनीत गर्ने रास्वपाले जनाएको छ । १५८ सदस्यीय रास्वपको केन्द्रीय समितिमा ५१ जना केन्द्रीय सदस्य सभापतिले मनोनीत गर्न पाउने व्यवस्था विधानमा गरिएको छ ।

## वालेन्द्र समूहलाई मनोनयनकै भर

वालेन्द्र समूहका अधिकांश नेताले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छैनन् । हारको डरले वालेन्द्र समूह प्रतिस्पर्धामा नउत्रेको बताइएको छ । रास्वपा सभापति लामिछाने र वालेन्द्रबीच निर्वाचनअघि भएको राजनीतिक सहकार्यपछि वालेनपक्षबाट २६ जना नेता पार्टीमा समायोजन भएका थिए ।

तीमध्ये सुनिल लम्साल, भूपदेव शाह, लक्ष्मण थारु, गणेश पौडेल, सन्तोष गिरी, सरिता ज्ञवाली, जेम्स कार्की, लक्ष्मी बर्देवा, अनन्तराज घिमिरे, रामकुमार ढुंगाना, प्रदीप ज्ञवाली, मधुसुधन ढकाल, ओजश्वी थापा, आदित्य आचार्य, प्रदीप पाण्डे र खेमराज साउद रहेका छन् । गृहमन्त्री सुधन गुरुङलेसमेत उम्मेदवारी दिएका छैनन् ।

उनीहरूलाई ५१ जनाभित्र मनोनीत गर्ने तयारी सभापति लामिछानेले गरेका छन् । यीमध्ये लम्साल उपसभापति, भुपदेव महामन्त्री र सुधन सहमहामन्त्री बन्ने बताइएको छ । मनोनीत केन्द्रीय सदस्यले पदाधिकारीमा निर्वाचन लड्न नपाउने र मनोनीतमात्र हुन पाइने गरी रास्वपाले विधान संशोधन गरेको छ ।


### प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०२/०७ गते कलंकीदेखि त्रिपुरेश्वर सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**तपशिल**

नाम : Achut Sapkota
कलेज नाम : Bageshori H.S. School
ठेगाना : Chokde Bazar, Nuwakot, Nepal
रजिष्ट्रेशन नं. : 672806002
सिम्बोल नं. : 22800544
फोन नं. : 9863944134

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७६/०१/२९ मा दर्ता भएको **बि.आइ.टी. सोलुसनस् प्राइभेट लिमिटेड (प्रा. लि. नं. २१४९१७)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६५।०९।११ मा दर्ता भएको प्रा.लि.नं. ५८८८६ को **स्काई एजुकेशन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७५/०४/०३ गते **फिटफोर्स स्पोर्टसवेयर प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. १९३३७३ कम्पनीको मिति २०८३/०३/१० मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क: ९८५११६३७२३

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### दफा १५८: विदेशी शाखा/सम्पर्क कार्यालय खारेजी-२ सम्बन्धमा (२१ दिने हक दावी सूचना)

यस कार्यालयमा मिति २०६७/०४/१८ मा दर्ता भएको प्रा.लि.नं. १२४६ को **फिडब्याग इन्फाष्ट्रक्चर सर्भिसेज नेपाल लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/१९ को निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दाबी** गर्न यो सूचना प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र यिस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकरीको लागि प्रथम पटक सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/११ गते**

यस कम्पनीको मिति २०८३/०२/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कृषि जडिबुटी उत्पादन तथा अनुसन्धान कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सन्चार कम्पनी प्रा.लि. (प्रा.लि.नं. २६९९७४/७८/७९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/११ गते**

यस कम्पनीको मिति २०८३/०२/२८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टाईगर बटालियन सेक्युरिटी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टाईगर नेपाल सेक्युरिटी प्रा.लि. (प्रा.लि.नं. ३७७९०५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### म्यादी हाइड्रोपावर लिमिटेड.

**बुटवल उप म.न.पा.- १०, कालिकानगर, रूपन्देही**

### शेयर वापतको रकम जम्मा गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति २०८३/०३/११ गते**

यस कम्पनीको मिति २०८३।०३।१० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय र मिति २०८३।०२।२९ को विशेष साधारण सभाको निर्णय बमोजिम रु ५१,४५,००,०००/(एकाउन्न करोड पैतालीस लाख) बराबरको ५१,४५,००० कित्ता जगेडा शेयर कम्पनीमा अभिलेख कायम शेयरधनीहरूले आ-आफ्नो शेयरको अनुपातमा खरिद गर्न पाउने गरी कम्पनी ऐन, २०६३ को दफा ५६ बमोजिम जारी गरिएको हुँदा सो वापतको हुन आउने रकम यो सूचना प्रकाशित भएका मितिले ३५ दिन भित्र कम्पनीको एभरेष्ट बैकमा रहेको खाता नं. ००४००१०५२०१२६७ मा जम्मा गरी सोको सक्कल भौचर कम्पनीमा पेश गर्नको लागि सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यसै सूचना मार्फत सूचित गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र शेयर खरिद वापत हुन आउने रकम जम्मा नगरेको खण्डमा वा शेयर बिक्री गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा कम्पनीको सञ्चालक समितिले निर्णय गरे बमोजिम शेयरधनी बाहेकका व्यक्ति वा कम्पनीलाई बिक्री गरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

सम्पर्क फोन नं. ०७१९५३४५७१, इमेल ठेगाना : myagdihydro@gmail.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, ११ असार, २०८३**

| | |
|---|---|
| मेष | काममा नयाँ अवसर आउन सक्छ । आत्मविश्वास बढ्नेछ, तर हतारमा निर्णय नगर्नुहोस । |
| वृष | आर्थिक पक्षमा सुधारको संकेत छ । परिवारसँगको सम्बन्ध राम्रो रहनेछ । |
| मिथुन | नयाँ योजना बनाउन अनुकूल समय । यात्रा वा भेटघाटबाट फाइदा हुन सक्छ । |
| कर्कट | मनमा उत्साह रहनेछ । स्वास्थ्यमा ध्यान दिनु राम्रो । |
| सिंह | नेतृत्व गर्ने अवसर मिल्न सक्छ । खर्चमा नियन्त्रण गर्नुहोस । |
| कन्या | काममा प्रगति हुनेछ । पुराना समस्या समाधानतर्फ जानेछन३ । |
| तुला | सम्बन्ध र सहकार्यबाट लाभ मिल्नेछ । निर्णय सोचेर लिनुहोस । |
| वृश्चिक | मेहनतको परिणाम प्राप्त हुने दिन । नयाँ जिम्मेवारी आउन सक्छ । |
| धनु | ज्ञान र सीप बढाउने अवसर मिल्नेछ । सकारात्मक सोच राख्नुहोस । |
| मकर | आर्थिक योजना सफल हुन सक्छ । परिवारको सहयोग मिल्नेछ । |
| कुम्भ | सामाजिक सम्मान बढ्न सक्छ । नयाँ सम्पर्क उपयोगी बन्नेछ । |
| मीन | सिर्जनात्मक काममा सफलता मिल्नेछ । भावनामा बहेर निर्णय नगर्नुहोस । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ असार, २०८३ (२५ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.२८ | १५१.८८ |
| युरो | १ को | १७२.३९ | १७३.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.९४ | २००.७३ |
| स्विस फ्रैन्क | १ को | १८६.८५ | १८७.५९ |
| अस्ट्रेलियन डलर | १ को | १०५.०३ | १०५.४५ |
| क्यानाडियन डलर | १ को | १०६.६४ | १०७.०७ |
| सिङ्गापुर डलर | १ को | ११६.७६ | ११७.२३ |
| जापानी येन | १० को | ९.३७ | ९.४० |
| चिनियाँ युआन | १ को | २२.३० | २२.३९ |
| साउदी अरब रियाल | १ को | ४०.३० | ४०.४६ |
| कतारी रियाल | १ को | ४१.५० | ४१.६७ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१९ | ४१.३५ |
| मलेसियन रिङेट | १ को | ३६.५४ | ३६.६८ |
| दक्षिण कोरियन वन | १०० को | ९.८५ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १५.६० | १५.६६ |
| डेनिस क्रोनर | १ को | २३.०६ | २३.१५ |
| हङकङ डलर | १ को | १९.३० | १९.३७ |
| कुवेती दिनार | १ को | ४९१.७३ | ४९३.६८ |
| बहराइन दिनार | १ को | ४०१.२८ | ४०२.८७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## प्रतिनिधिसभा निर्वाचन खर्च

# जित्नेभन्दा हार्ने उम्मेदवारको बढी

**काठमाडौं–** निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारको प्रचार खर्चसम्बन्धी अध्ययन प्रतिवेदन आज सार्वजनिक गरेको छ। प्रतिवेदनले जित्नेलेभन्दा हार्ने उम्मेदवारले बढी खर्च गरेको पाइएको जनाएको छ।

सो संस्थाले मुलुकभरका १६५ क्षेत्रमध्ये छानिएका १० निर्वाचन क्षेत्रका तीन हजार ४०६ उम्मेदवारमध्ये १४४ नमुना उम्मेदवारको खर्चको विश्लेषण गरेको हो । इओसी नेपालका अध्यक्ष श्रीकृष्ण सुवेदीका अनुसार विजयी उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा औसत ८८ लाख रूपैयाँ र उपविजेताले त्यसको लगभग तीन गुणा बढी, औसत दुई करोड ८३ लाख रूपैयाँ खर्च गरेका पाइएको छ । निर्वाचन खर्चको करिब ६७ प्रतिशत रकम पराजित उम्मेदवारले खर्च गरेका छन्।

नतिजाले स्रोत व्यवस्थापनमा गम्भीर असन्तुलन रहेको देखाएको छ । निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचन प्रणालीका उम्मेदवारका लागि २५ देखि ३३ लाख रूपैयाँसम्म खर्चको सीमा तोकेकोमा, औसतमा उम्मेदवारले ७२ लाख रूपैयाँ अर्थात् कानुनी सीमाभन्दा ११८ प्रतिशत बढी खर्च गरेको पाइएको छ।

'उम्मेदवारले खर्च देखिने ब्यानर, ऱ्याली, कोणसभा, भोजभतेर आदिको साटो नदेखिने च्यानल (अदृश्य तर प्रभावशाली सूचना तथा सञ्चार प्रणाली, डिजिटल प्रचार, सामाजिक सञ्जाल, अनौपचारिक परिचालन) तर्फ सरेको देखियो । जसले अनुगमनलाई थप कठिन बनाएको देखियो। मिथ्या सूचना, दुष्प्रचार, चरित्रहत्याजस्ता प्रणालीगत दुष्प्रचार तथा प्रयोग रोकथाम तथा नियन्त्रणमा आवश्यक कानुनी प्रबन्धको अभाव देखियो,' प्रतिवेदनमा भनिएको छ।

कूल खर्चको ८२ प्रतिशत प्रचार अभियान अवधिमा भएको र चार प्रतिशत खर्च निर्वाचनको दिन (प्रचार निषेधको अवधि) मै भएको देखिएको प्रतिवेदनले जनाएको छ । उम्मेदवारको आम्दानीको स्रोत सार्वजनिक र अनिवार्यरूपमा खुलासा गरिनुपपर्ने, डिजिटल माध्यमबाट हुने आचारसंहिता उल्लंघन पत्ता लगाउन प्रविधिमैत्री अनुगमन प्रणाली विकास गरिनुपर्ने, खर्च विवरण पेस गर्ने हालको प्रक्रियाको सट्टा निर्वाचन आयोगले सक्रिय अनुगमन टोली परिचालन गरी आचारसंहिता उल्लंघकर्तालाई तत्काल कारबाही गर्ने व्यवस्था मिलाउनुपर्ने सुझावहरू दिइएको इओसीका अध्यक्ष सुवेदीले बताए।

यससैगरी छुट्टै बैंक खाताबाट खर्च गर्ने व्यवस्थालाई व्यावहारिक र सरल बनाइनुपर्ने, निर्वाचन प्रक्रियामा सार्वजनिक लेखापरीक्षणलाई सहायक संरचनाका रूपमा अनुमति दिइनुपर्ने प्रतिवेदनले सुझाव दिएको छ।

# देशभरका १५ सय विद्यालयमा 'एक विद्यालय, एक नर्स' कार्यक्रम

**काठमाडौं–** सरकारले 'एक विद्यालय, एक नर्स' कार्यक्रम देशभरिका एक हजार ५४६ सामुदायिक विद्यालयमा सञ्चालन गरेको छ।

स्वास्थ्य सेवा विभागका महाशाखाकी निर्देशक हीरादेवी निरौलाले बालबालिकाको उपचारको व्यवस्था गर्न नर्स राखिएको बताइन्। तीमध्ये ३२७ संघीय सरकार र बाँकी प्रदेश तथा स्थानीय तहको सरकारको समन्वयमा नर्स राखिएको छ । 'विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम' मार्फत 'एक विद्यालय, एक नर्स' कार्यक्रम सञ्चालन गरेर बालबालिकालाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेको उनले बताइन्।

'विद्यालय तहमा बालबालिकाको स्वास्थ्य उपचार गर्न नर्सको दरबन्दी सिर्जना गरेर राख्न थालेका छौं,' निर्देशक निरौलाले भनिन्, 'ती नर्सले विद्यालय तहका बालबालिकाको आवश्यकताअनुसार समग्र स्वास्थ्य परीक्षण गर्दछन्।'

नर्सले विद्यार्थीको पोषणको अवस्था, विद्यालय आए/नआएको जानकारी, रक्तअल्पताको परीक्षणलगायत काम गर्छन्। यस्तै रक्तअल्पता कम भएको अवस्थामा आइरन चक्की खान सुझाव दिने गर्दछन् । यसैगरी ती नर्सले विद्यार्थी विद्यालय नआए किन आएन भनेर अभिभावकसँग पनि जानकारी लिने छन्। यस्तै नर्सले आवश्यकताअनुसार विद्यार्थीलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने छन्।

सरकारले आव २०७६/७७ मा विद्यालयमा स्वास्थ्य समस्या समाधान गर्न र विद्यार्थीका माध्यमबाट अभिभावकलाई स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले 'एक विद्यालय, एक नर्स' कार्यक्रम बागमती प्रदेशबाट पाइटल कार्यक्रमको रूपमा सुरू सञ्चालन गरेको थियो। निर्देशक निरौलाले देशभरिका सबै विद्यालयमा 'एक विद्यालय, एक नर्स' लागू गर्ने भने पनि आगामी वर्ष बजेट विनियोजन नभएकाले थप विद्यालयमा कार्यक्रम लागू गर्न नसकिने बताइन् । उक्त कार्यक्रमअन्तर्गत नर्सले विद्यालयका एक छात्रा र छात्रलाई स्वास्थ्य राजदूत बनाएर स्वास्थ्य जनचेतना जगाउने कार्यक्रम पनि सञ्चालन गर्ने गर्दछन्। *रासस*

# विद्यालयमा स्थानीय दिवा खानाको मात्रा बढाउन साझेदारी घोषणा

**काठमाडौं (प्रस)–** संयुक्त राष्ट्रसंघको विश्वखाद्य कार्यक्रम, लायन्स क्लब इन्टरनेसनल फाउण्डेसन र वर्ल्ड फुड प्रोग्रामले नेपालका विद्यालय दिवा खानाको मात्रा बढाउन रणनीतिक साझेदारीको घोषणा गरेका छन्।

बालबालिकाको पोषण सुधार्न, सिकाइ परिणामलाई टेवा दिन र स्थानीय खाद्य प्रणालीलाई बलियो बनाउन नमूना कार्यक्रमका रूपमा यो घोषणा गरिएको हो । एक मिलियन अमेरिकी डलरको सहयोगमा सञ्चालन हुने यस कार्यक्रमले करिब ७० हजार बालबालिकालाई लाभ दिने अपेक्षा गरिएको छ। साथै, यसले विद्यालय, साना किसान र सरकारी प्रणालीबीच अन्तरसम्बन्ध विकास गर्ने विश्वखाद्य कार्यक्रमले जनाएको छ। घोषणा कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले विद्यालयमै उत्पादित दिवा खानाले विद्यार्थीको उपस्थिति र सिकाइ परिणामहरू सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

# तराईमा तापक्रम निरन्तर बढ्दै, सतर्कता अपनाउन आग्रह

**काठमाडौं (प्रस)–** जल तथा मौसम पूर्वानुमान महाशाखाले तराई क्षेत्रमा निरन्तर तापक्रम वृद्धि भइरहेको जानकारी दिएको छ । महाशाखाले तराई भेगका सर्वसाधारणलाई तातोबाट जोगिन र सावधानी अपनाउन आग्रह गरेको छ।

विभागकी प्रवक्ता विभूति पोखरेलले आगामी तीन दिनसम्म सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो हावा चल्ने पूर्वानुमान गरिएको जानकारी दिँदै बागमती र गण्डकी प्रदेशमा पनि तापक्रम बढ्ने सम्भावना भएकाले सावधानी अपनाउन अनुरोध गरेकी छन्।

आगामी दिनमा धनगढीमा अधिकतम तापत्रमक्रम ४० डिग्री सेल्सियस र नेपालगञ्ज र भैरहवाको तापक्रम ४१ डिग्री सेल्सियस पुग्ने विभागको पूर्वानुमान उनले सुनाइन्। वीरेन्द्रनगर र घोराहीको तापक्रम पनि बढ्ने छ। ती क्षेत्रका सर्वसाधारणलाई अत्यावश्यक काममाबाहेक दिउँसो घरबाहिर ननिस्कन, पर्याप्त पानी पिउन तथा स्वास्थ्यमा विशेष सावधानी अपनाउन प्रवक्ता पोखरेलले आग्रह गरेकी छन्।


## मलेसियामा रोजगार

कम्पनी : ZHAM SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/१० | LT. No. 343947 | चलानी नं. ६०२५७२५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1700 | ६२,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १७ गते (1st Jul. 2026) मा हुनेछ ।
फेवा इन्टरनेशनल ट्रेनिङ सेन्टर प्रा.लि., जनकपुरधाम वार्ड नं.७ मा मिति : २०८३ असार १८ र १९ गते (1 and 2 Jul. 2026) मा हुनेछ । सम्पर्कको लागि : 9748371482

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



## युएइमा रोजगार

कम्पनी : BLUE MOUNTAIN SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१० | LT. No. 325396 | चलानी नं. ६०२३९३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 7 | 4 | 800 | ३३,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ACE RECRUITMENT
Ace Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np



## कुवेतमा रोजगार

कम्पनी : EDEN COMPANY FOR PIES ,PASTRIES AND SWEETS

पूर्व स्वीकृति मिति : २०८२/०७/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१० | LT. No. 333600 | चलानी नं. ६०२४७२९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pastry Cook | 5 | 0 | 150 | ७३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packing & packing worker | 10 | 9 | 120 | ५८,९०० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Bright Star
श्रम इजाजत नं. ७०३/०६४/०६५
BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com


## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ (पन्ध्र) दिने सूचना

(प्रकाशित मिति: २०८३।०३।११ गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिन अर्थात मिति २०८३।०३।२६ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण:

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं./ नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| चितवन | बछयौली | ८/८क | ८३७ | ४०८९ | घरजग्गा |
| स्याङ्जा | सातुपसल | ७/७ | २१४३ | १५८.९५ | जग्गा |
| चितवन | बिरेन्द्रनगर | ६/६क | ६२५ | १६९३.१५ | जग्गा |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

## इनोभेटिभ ईको कृषि कम्पनी लिमिटेड
### Innovative Eco Krishi Company Limited

केन्द्रीय कार्यालय सिद्धार्थनगर नगरपालिका-१३, भैरहवाको

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०३/११**

यस इनोभेटिभ ईको कृषि कम्पनी लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने :**
**मिति** : २०८३ साल आषाढ ३२ गते बिहीवार (तद्नुसार जुलाई १६, २०२६)
**स्थान** : होटल पौवा, सि.न.पा.-६, चिल्ड्रेनपार्क, भैरहवा, रूपन्देही ।
**समय** : बिहान ११:०० बजे ।

**छलफलका विषयहरू:**

**क) सामान्य प्रस्तावहरू:**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/८२ को प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले आ.व. २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्त गरेकोमा अनुमोदन गर्ने तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२/८३ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको संस्थापनाको क्रममा भएको पूर्वसञ्चालन खर्च अनुमोदन गर्ने ।
५. कम्पनीको नियमावलीको नियम ३२ अनुसार सञ्चालकहरूको बैठक भत्ता तथा अन्य सुविधाहरु समर्थन गर्ने ।
६. संस्थापक समूह "क" तर्फका ५ (पाँच) जना संचालकहरूको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरू:**
१. कम्पनीको चुक्ता पूँजी जारी पूँजी वृद्धि गर्ने ।
२. कम्पनीले आफ्नो आवश्यकता अनुसार प्रविधि, अनुसन्धान, उत्पादन, बजारीकरण तथा आयात र निर्यात लगायत अन्य कार्यका लागि स्वदेशी तथा विदेशी कम्पनी/संघ संस्था/व्यक्तिसंग सम्झौता करार गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने ।
३. भविष्यमा इनोभेटिभ ईको कृषि कम्पनी लिमिटेडले अन्य कुनै कम्पनी वा संघ संस्था गाभ्ने वा संस्थाहरूसंग गाभिने, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति हुन जाने प्रयोजनार्थ उपयुक्त देखिएमा सोसंग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
४. कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।
५. कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन क्रममा नियामक निकायबाट कुनै परिवर्तन संशोधन गर्न निर्देशन आएमा वा आवश्यक भएमा सो समेत गर्न लागि संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।

**ग) विविध**

**संचालक समितिको आज्ञाले कम्पनी सचिव**


## मूल्य सूची

**Jyoti Trading House द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।**

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Jyoti Trading House | 603711602 | Chimney | AWAI | Venus 90 | 90 cm | 19,500/- | |
| | | | Chimney | AWAI | Pluto New 90 | 90 cm | 30,500/- | |
| | | | Chimney | AWAI | Altas Supremo 90 | 90 cm | 20,500/- | |
| | | | Chimney | AWAI | Venus 60 | 60 cm | 17,100/- | |
| | | | Chimney | AWAI | Pyramid 60 Sensor | 60 cm | 14,500/- | |
| | | | Chimney | AWAI | Pyramid 60 Push | 60 cm | 11,000/- | |

**Jyoti Trading House** | Kalimati, Kathmandu, Nepal, Ph : 01-4284654


## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

### कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/११ गतेको प्रभाव राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०३/२५ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ **(पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः मस्टा कालसैन सप्लायर्स प्रा.लि.**<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्टारका कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं<br>दर्ता नं. : ३१५९५५/०८०/०८१<br>दर्ता मितिः २०८०/०४/१५<br>पान नं. : ६१९७३५२२५<br>ठेगना : तारकेश्वर न.पा.-०४, काठमाण्डौं<br>**संचालक/जमानतकर्ताको नामः नन्दकृष्ण रेग्मी**<br>बाबुको नामः चन्द्र प्रसाद जैशी<br>बाजेको नामः गंगा राम जैशी<br>ठेगानाः ब्याँसी -०१, बझाङ्ग<br>हाल : तारकेश्वर-०४, काठमाण्डौं<br>ना.प्र.नं.: ७१-०१-७०-०१२८३, जारी मितिः २०७०/०७/०४<br>जारी गर्ने कार्यालयः जि.प्र.का., बझाङ्ग<br>**कर्जा लिएको शाखा : बनस्थली, काठमाण्डौं** | **क) नामः सुशिला ढकाल**<br>बाबुको नामः पुण्य प्रसाद ढकाल<br>बाजेको नामः भिम प्रसाद ढकाल<br>ठेगानाः कुन्तादेवी-०१, ओखलढुंगा<br>हाल : तारकेश्वर-०४, काठमाण्डौं<br>ना.प्र.नं.: १३१०१७/४६७, जारी मितिः २०६९/१०/०३<br>जारी गर्ने कार्यालयः जि.प्र.का., ओखलढुङ्गा<br>**ख) नामः हरि प्रसाद रेग्मी**<br>बाबुको नामः टंक प्रसाद रेग्मी<br>बाजेको नामः रवि लाल रेग्मी<br>ठेगानाः पिठुवा-०७, चितवन<br>हालः रत्ननगर-१५, चितवन<br>ना.प्र.नं.: ७१८२, जारी मितिः २०४४/०४/१४<br>जारी गर्ने कार्यालयः जि.का., चितवन |

**सुरक्षणमा रहेको धितोको विवरणः**
१) श्री मालपोत कार्यालय चनौलि, चितवनमा मस्टा कालसैन सप्लायर्स प्रा.लि.को नाममा दर्ता कायम रहेको चितवन जिल्ला सुक्रनगर-०६/६क, स्थित कित्ता नं. ७०४, ७१३, ७१४ र ७१५ को क्षेत्रफल क्रमशः ६०९.४२, ५७६.२९, ६११.४० र ५२३.४२ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री मालपोत कार्यालय भरतपुर, चितवनमा मस्टा कालसैन सप्लायर्स प्रा.लि.को नाममा दर्ता कायम रहेको चितवन जिल्ला पटिहानी-०९/९क स्थित कित्ता नं. १२६५ र १२६६ को क्षेत्रफल क्रमशः ३३८.६३ र २९३२.७५ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

### बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/११**

यस पन्चकन्या सा.व.उ.स, तिनपाटन-९ सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ४०४ को ४४९४.७५ क्यू.फिट गोलिया काठ र दाउरा ४.५० चट्टा दाउरा साल जातको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**पन्चकन्या सा.व.उ.स, तिनपाटन-९ सिन्धुली**

### बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/११**

यस धनिडाँडा सा.व.उ.स, तिनपाटन-९ सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ३४९ को ४०३२.२९ क्यू.फिट गोलिया काठ र दाउरा ४.५० चट्टा दाउरा साल जातको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**धनिडाँडा सा.व.उ.स,तिनपाटन-९ सिन्धुली**

### काठ लिलाम किक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/११**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात ,साल,अस्ना,खयर गोलिया काठ गरी १५२८ थानको ३७५४.४८ क्युफी काठ र मिश्रीत दाउरा ४.०० चट्टालाई शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रभाव राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा।व।उ।स।को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको सुचना यस सा।व।उ।स। को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ।

अध्यक्ष
**श्री भगवती सामुदायिक वन उपभोक्ता समूह**
**चुरे गा.पा.-५ कैलाली**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७५।१०।०७ मा दर्ता भएको प्रा.लि.नं. १२७०१८ को **नेपाल हिमालयन पाउलोनिया रिसोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विस्थापित सुकुमबासीलाई बिचल्ली नबनाऊ

काठमाडौं उपत्यकाका नदी किनारका सुकुमबासी बस्तीहरूमा डोजर चलाएर नागरिकलाई विस्थापित गरिएको घटनाको घाउ निको हुन नपाउँदै सरकारले फेरि अर्को असंवेदनशील निर्णय गरेको छ। बागमती, मनोहरालगायतका नदी किनारबाट हटाइएका र हाल कीर्तिपुर, नागार्जुन तथा दशरथ रंगशालाका 'होल्डिङ सेन्टर'मा आश्रय लिइरहेका ३८८ परिवारलाई पाँच दिनभित्र ती स्थान छाड्न अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र जिल्ला प्रशासन कार्यालय काठमाडौंले जारी गरेको उर्दी न्यायसंगत र मानवीय देखिँदैन। एकातिर वर्षायामको सुरुआत् हुनु र अर्कातिर विकल्पविना नै नागरिकलाई आश्रयस्थलबाट लखेट्नुले लोकतान्त्रिक सरकारको चरित्रमाथि नै गम्भीर प्रश्न खडा गरेको छ।

सरकारले होल्डिङ सेन्टर छाड्ने सर्तमा प्रतिपरिवार एकमुष्ठ २५ हजार रूपैयाँ र तीन महिनाको भाडाबापत ४५ हजार गरी कूल ७० हजार रूपैयाँ राहत दिने घोषणा गरेको छ। पहिलो नजरमा यो रकम सहयोगजस्तो देखिए पनि काठमाडौंको विद्यमान महँगी र घरभाडाको बजारलाई हेर्दा यो हात्तीको मुखमा जिराजस्तै हो। केही हजार रूपैयाँ हातमा थमाएर नागरिकलाई फेरि सडकमै धकेल्ने यो प्रपञ्च राज्यको जिम्मेवारीबाट पन्छिने दाउबाहेक केही होइन। कुनै ठोस परामर्श र दीर्घकालीन पुनर्स्थापनाको योजनाविना हतार–हतार चालिएको यो कदमले सुकुमबासी परिवारहरूलाई फेरि पनि चरम बिचल्लीको अवस्थामा पुऱ्याउने निश्चित छ।

राज्यको प्राथमिक दायित्व आफ्ना नागरिकको जीउधन र आवासको सुरक्षा गर्नु हो। वालेन्द्र सरकारले १०० दिने शासकीय सुधारको कार्ययोजना सार्वजनिक गर्दा सुकुमबासी र अव्यवस्थित बसोबासीको तथ्यांक संकलन गरी एक हजार दिनभित्र समस्याको स्थायी समाधान गर्ने वाचा गरेको थियो। तर, व्यवहारमा भने ठोस विकल्प र दीर्घकालीन योजनाविना नै उनीहरूमाथि लगातार प्रशासनिक डण्डा बर्साउने काम भइरहेको छ। विस्थापनको यो चक्रले सबैभन्दा ठूलो मार बालबालिकाको शिक्षा, स्वास्थ्य र वृद्धवृद्धाहरूको जीवनमा पारेको छ।

त्यसैले, सरकारले तत्काल यो पाँचदिने हठात् निर्णयलाई पुनर्विचार गर्नुपर्छ। सुकुमबासी समस्या केवल केही थान टहरा भत्काउने वा केही हजार रूपैयाँ बाँडेर पन्छिने विषय होइन, यो एउटा गम्भीर सामाजिक–आर्थिक मुद्दा हो। राहतको नाममा केही रकम दिएर जिम्मेवारी पूरा भएको देखाउनुभन्दा उनीहरूको सम्मानजनक पुनर्स्थापना र स्थायी बसोबासको ग्यारेण्टी गर्नु राज्यको दायित्व हो। नागरिकलाई सडकमा अलपत्र पार्ने 'राज्यआतंक' बन्द गरी सरोकारवालाहरूसँग वार्ता, उचित परामर्श र दीर्घकालीन पुनर्वासको योजनासहित सरकार अघि बढोस्। नागरिकको बिचल्ली बनाएर गरिने सहरको सौन्दर्यीकरण कहिल्यै दिगो र न्यायपूर्ण हुन सक्दैन।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

# चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा: कार्यान्वयनको बाटो



❑ डा. विश्वराज दवाडी

> चिकित्सा क्षेत्र कुनै जादू वा सतप्रतिशत सुनिश्चित भएको कारखाना होइन। भगवान् मानिने डाक्टर पनि मानिस नै हुन् र उनीहरूबाट पनि मानवीय वा प्राविधिक गल्ती हुनसक्छ। बिरामीको जीउज्यानको सुरक्षा र न्याय जति महत्त्वपूर्ण छ, देशका दक्ष र ऊर्जावान् चिकित्सकहरूको मनोबल र उनीहरूको व्यावसायिक अस्तित्व जोगाउनु पनि राज्यको त्यत्तिकै ठूलो जिम्मेवारी हो। अबका दिनमा डाक्टर बन्नु भनेको जेल जाने वा आर्थिकरूपमा सडकमा आउने बाटो रोज्नु हो भन्ने भाष्य बन्न दिनु हुँदैन।

नेपालको स्वास्थ्य क्षेत्र अहिले एउटा गम्भीर र अभूतपूर्व संक्रमणकालबाट गुज्रिरहेको छ। एकातिर नागरिकहरूमा आफ्नो स्वास्थ्य र कानुनी अधिकारप्रतिको चेतना अभूतपूर्वरूपमा बढेको छ भने अर्कोतिर उपभोक्ता अदालतको बढ्दो सक्रियता, नयाँ कानुनी व्यवस्थाहरू र सर्वोच्च अदालतका पछिल्ला फैसलाहरूले चिकित्सकीय लापरवाहीको मुद्दालाई निकै संवेदनशील मोडमा पुऱ्याएका छन्।

उपचारका क्रममा हुने अप्रत्याशित परिणाम वा त्रुटिहरूका कारण चिकित्सक र अस्पतालहरूले लाखौं र करोडौं रूपैयाँसम्मको जरिवाना र क्षतिपूर्तिको भागिदार बन्नुपर्ने परिस्थिति सिर्जना भएको छ। यस्तो जटिल र चुनौतीपूर्ण वातावरणमा चिकित्सकहरूलाई मानसिक तनावमुक्त भई आफ्नो पूर्णदक्षताका साथ काम गर्ने वातावरण बनाउन र पीडित बिरामीको न्यायोचित अधिकार सुनिश्चित गर्न नेपालमा 'डक्टर्स प्रोफेसनल इण्डेम्निटी इन्स्योरेन्स' अर्थात् 'चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' तत्काल र लागू गर्नुको अब कुनै विकल्प छैन।

## के हो प्रोफेसनल इण्डेम्निटी इन्स्योरेन्स ?

सरल भाषामा भन्दा यो स्वास्थ्यकर्मी वा चिकित्सकहरूका लागि एउटा कानुनी र वित्तीय सुरक्षा कवच हो। चिकित्सा क्षेत्र सतप्रतिशत गणितीय विज्ञान होइन; यहाँ हरेक बिरामीको शरीर, रोगको प्रकृति र ओषधिको प्रतिक्रिया फरक हुन सक्छ। सदाशयतापूर्वक र आफ्नो पूर्ण ज्ञान प्रयोग गरेर उपचार गर्दागर्दै पनि अञ्जानमा कुनै प्राविधिक त्रुटि, गल्ती वा असावधानी हुनसक्छ।

यस्ता त्रुटिका कारण बिरामीलाई कुनै शारीरिक वा मानसिक क्षति पुग्न गएमा र अदालत वा सम्बन्धित नियामक निकायले चिकित्सकलाई दोषी ठहर गरेमा, यो बिमाले बिरामीलाई बुझाउनुपर्ने क्षतिपूर्ति र कानुनी लडाइँको खर्च ब्यहोर्ने गर्दछ। स्मरणरहोस्, यस बिमाले नियतवश गरिएको अपराध वा मदिरा/लागुऔषध सेवन गरी गरिएको लापरवाहीलाई समेट्दैन। यसको मुख्य उद्देश्य इमान्दार चिकित्सकको आर्थिक र व्यावसायिक जीवनलाई सुरक्षित राख्नु हो। नेपालको सन्दर्भमा यो बिमा तत्काल लागू गर्नुपर्ने मुख्य कारणहरू निम्न छन्:

## उपभोक्ता अदालतको बढ्दो सक्रियता र वित्तीय जोखिम

उपभोक्ता संरक्षण ऐनअन्तर्गत नेपालका विभिन्न जिल्लाहरूमा उपभोक्ता अदालतहरू गठन भई सक्रिय भएसँगै स्वास्थ्य सेवालाई पनि उपभोक्ताको दायराभित्र कडा रूपमा हेर्न थालिएको छ। हालैका दिनहरूमा उपचारमा चित्त नबुझेमा वा त्रुटि देखिएमा बिरामीका आफन्तहरू कानुनी उपचार खोज्दै अदालत जाने क्रम ह्वात्तै बढेको छ। अदालतहरूले अस्पताल र डाक्टरहरूलाई करोडौं रूपैयाँसम्मको क्षतिपूर्ति तिराउने ऐतिहासिक फैसलाहरू सुनाउन थालेका छन्। कुनै पनि मध्यमवर्गीय वा सरकारी डाक्टरले व्यक्तिगतरूपमा आफ्नो खल्तीबाट वा जायजेथा बेचेर यति ठूलो रकम ब्यहोर्न असम्भव प्रायः हुन्छ। यसले चिकित्सकहरूको सम्पूर्ण प्रतिष्ठा र पारिवारिक जीवन नै एकै झट्कामा समाप्त हुने जोखिम बढाएको छ।

## सर्वोच्च अदालतको स्पष्ट नजिर र कानुनी सन्देश

सर्वोच्च अदालतको संयुक्त इजलासले हालै गरेका केही फैसला र व्याख्याहरूले स्पष्ट सन्देश दिएका छन्- डाक्टर हुनुको अर्थ लापरवाहीमा उन्मुक्ति पाउनु होइन। अदालतले बिरामीको सुरक्षित उपचार पाउने अधिकारलाई सर्वोच्च राखेको छ तर सँगै यो कुरा पनि स्वीकारेको छ कि उच्च जोखिमयुक्त चिकित्सा विधामा काम गर्दा डाक्टरहरूलाई हरसमय कानुनी डर र दबाबमा राखियो भने स्वास्थ्य प्रणाली नै धराशयी हुनसक्छ। अदालतको यो नजिरपछि डाक्टरहरूका लागि वित्तीय र व्यावसायिक सुरक्षाको खाँचो झनै टड्कारो बनेर आएको छ।

'डिफेन्सिभ मेडिसिन' को घातक चक्र रोक्न

भारी क्षतिपूर्ति र कानुनी कारबाहीको डरले गर्दा नेपाली चिकित्सकहरूमा अहिले प्रतिरक्षात्मक चिकित्साको अभ्यास खतरनाक रूपमा बढ्न थालेको छ। यसको सीधा अर्थ हुन्छ- डाक्टर हरूले बिरामीको ज्यान जोगाउन आवश्यक तर उच्च जोखिमयुक्त जटिल शल्यक्रिया वा उपचार प्रक्रिया हात हाल्न हिच्किचाउने वा अस्वीकार गर्ने। त्यस्तै, कानुनीरूपमा सुरक्षित रहनका लागि बिरामीलाई अनावश्यक रूपमा दर्जनौं ल्याब टेस्ट र भिडियो एक्सरेहरू गराउन बाध्य पार्ने। यसले अन्ततः स्वास्थ्य सेवालाई सर्वसाधारणका लागि अत्यधिक महँगो बनाउँछ र जटिल बिरामीले समयमा आकस्मिक उपचार नपाई ज्यान गुमाउने अवस्था सिर्जना गर्छ। बिमाको व्यवस्था भएमा चिकित्सकहरूले निर्धक्क भई आफ्नो क्लिनिकल निर्णय लिन सक्छन्।

## अस्पताल तोडफोड, 'भिडतन्त्र' र असुली संस्कृतिको अन्त्य

नेपालको स्वास्थ्य क्षेत्रको एउटा दुःखद् पाटो भनेको उपचारका क्रममा बिरामीको मृत्यु वा अवस्था बिग्रँदा तुरुन्तै अस्पताल तोडफोड गर्ने, डाक्टर र नर्समाथि भौतिक आक्रमण गर्ने र मोटो रकम मोलमोलाई गर्ने प्रवृत्ति हो। यदि यो बिमा प्रणाली संस्थागत रूपमा लागू भयो भने, 'भिड' ले सडक वा अस्पतालमा न्यायको फैसला गर्ने विकृति रोकिने छ। कुनै पनि घटना भएमा, चिकित्सक र बिरामी दुवै पक्ष कानुनी र बिमाको दायरामा आउने छन्। बिमा कम्पनीको आफ्नै अनुसन्धान टोलीले घटनाको छानबिन गर्ने छ र वास्तविक पीडितले कानुनीरूपमै न्यायोचित र ठूलो रकमको क्षतिपूर्ति पाउने निश्चित हुने छ। यसले अस्पतालहरूलाई युद्धमैदान हुनबाट जोगाउने छ।

## अन्तर्राष्ट्रिय अभ्यास र नेपालको स्वास्थ्य पर्यटन

संसारका अधिकांश विकसित र विकासोन्मुख देशहरू (जस्तैः अमेरिका, बेलायत र छिमेकी देश भारतमासमेत) चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमाविना डाक्टरहरूले बिरामी छुनै पाउँदैनन्। नेपालले पनि अन्तर्राष्ट्रियस्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र छिमेकी देशका बिरामीलाई आकर्षित गर्ने नीति लिइरहँदा हाम्रो स्वास्थ्य प्रणाली कानुनी र वित्तीयरूपमा सुरक्षित हुनुपर्छ। विदेशी बिरामी वा नेपालकै सचेत नागरिकको विश्वास जित्नका लागि पनि यो बिमा अन्तर्राष्ट्रिय मापदण्ड अनिवार्य छ।

## तत्काल र सफल कार्यान्वयनका लागि चाल्नुपर्ने कदमहरु

नेपाल बिमा प्राधिकरणले केही समयअघि यस प्रकारको बिमाको पोलिसी ल्याउन खोजे पनि पर्याप्त गृहकार्य र समन्वयको अभावमा यो पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन। यसलाई भोलिदेखि नै देशव्यापीरूपमा लागू गर्नका लागि निम्न रणनीति र चरणहरू तत्काल चाल्नु आवश्यक छ:

### पहिलो चरण: नेपाल मेडिकल काउन्सिलको कानुनी बाध्यता

नेपाल मेडिकल काउन्सिलले आफ्नो नियमावलीमा संशोधन गरी प्रत्येक चिकित्सकको 'प्राक्टिस लाइसेन्स' नवीकरण गर्दा वा नयाँ दर्ता गर्दा चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' को पोलिसी अनिवार्य बुझाउनुपर्ने नियम तत्काल लागू गर्नुपर्छ। बिमा नभएका डाक्टरलाई बिरामी जाँच्ने अनुमति दिनु हुँदैन।

### दोस्रो चरण: जोखिममा आधारित न्यायोचित प्रिमियम निर्धारण

नेपाल बिमा प्राधिकरणले नेपाल मेडिकल एसोसिएसन र बिमा कम्पनीहरूसँग बसेर चिकित्सकहरूको विधाअनुसार प्रिमियम तय गर्नुपर्छ। उदाहरणका लागि, बढी जोखिम हुने सर्जन, एनेस्थेटिस्ट, र गाइनोकोलोजिस्टको प्रिमियम अलि बढी र कम जोखिम हुने छालारोग विशेषज्ञ वा साइकियाट्रिस्टको प्रिमियम सोहीअनुसार न्यायोचित र खल्तीमैत्री बनाउनुपर्छ।

### तेस्रो चरण: सरकारी र निजी अस्पतालहरूको संस्थागत दायित्व

डाक्टरहरू आफैंले मात्र नभई उनीहरू कार्यरत अस्पतालहरूले पनि यसमा योगदान गर्नुपर्छ। सरकारी अस्पतालमा कार्यरत डाक्टर हरूको प्रिमियम सरकारले र निजी स्वास्थ्य संस्थामा काम गर्नेहरूको प्रिमियममा सम्बन्धित अस्पतालले कम्तीमा ५० प्रतिशत हिस्सा ब्यहोर्ने गरी श्रम सम्झौता हुनुपर्छ।

### चौथो चरण: स्वतन्त्र 'मेडिको-लिगल बोर्ड' को गठन

कुनै पनि उपचारमा गल्ती भयो वा भएन र बिमा दाबी भुक्तानी दिने कि नदिने भन्ने निर्णय गर्न राजनीति र प्रभावमुक्त, स्वतन्त्र विशेषज्ञहरूको 'मेडिकल बोर्ड' गठन हुनुपर्छ। यस बोर्डको प्राविधिक सिफारिसका आधारमामात्र बिमा कम्पनीले अदालत वा पीडितलाई भुक्तानी दिने व्यवस्था हुनुपर्छ, ताकि कसैले झूटा मुद्दा हालेर बिमाको रकम दुरूपयोग गर्न नसकोस्।

यस बिमा प्रणाली लागू गर्दा मुख्य चुनौती भनेको डाक्टरहरूमा सुरुआती प्रिमियम रकम तिर्न देखिने हिच्किचाहट र बिमा कम्पनीहरूमा 'मेडिकल मुद्दा' हरूको प्राविधिक ज्ञानको कमी हुनु हो। यसको समाधानका लागि नेपालका ठूला र स्थापित निर्जीवन बिमा कम्पनीहरूले सामूहिक बिमाको ढाँचा ल्याउन सक्छन्। नेपाल मेडिकल एसोसिएसनमार्फत देशका सम्पूर्ण डाक्टरहरूलाई एउटै पुलमा ल्याएर सामूहिक बिमा गर्दा प्रिमियमको दर निकै कम हुन आउँछ, जुन एउटा नयाँ मेडिकल पास गरेको डाक्टरले पनि सजिलै तिर्नसक्छ।

चिकित्सा क्षेत्र कुनै जादू वा सतप्रतिशत सुनिश्चित भएको कारखाना होइन। भगवान् मानिने डाक्टर पनि मानिस नै हुन् र उनीहरूबाट पनि मानवीय वा प्राविधिक गल्ती हुनसक्छ। बिरामीको जीउज्यानको सुरक्षा र न्याय जति महत्त्वपूर्ण छ, देशका दक्ष र ऊर्जावान् चिकित्सकहरूको मनोबल र उनीहरूको व्यावसायिक अस्तित्व जोगाउनु पनि राज्यको त्यत्तिकै ठूलो जिम्मेवारी हो। अबका दिनमा डाक्टर बन्नु भनेको जेल जाने वा आर्थिकरूपमा सडकमा आउने बाटो रोज्नु हो भन्ने भाष्य बन्न दिनु हुँदैन। स्वास्थ्य मन्त्रालय, नेपाल बिमा प्राधिकरण, नेपाल मेडिकल काउन्सिल र सरोकारवाला सबै निकायहरूले अहंकार र ढिलासुस्ती त्यागेर चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमालाई राष्ट्रिय एजेण्डा बनाई आजैका मितिदेखि अनिवार्य कार्यान्वयनमा ल्याउनुपर्छ। यसले मात्र नेपालको स्वास्थ्य सेवालाई सुरक्षित, मर्यादित, कानुनीरूपमा सबल र उत्तरदायी बनाउने छ। *रासस*

*(लेखक नेपाल चिकित्सक संघका महासचिव हुन्)*

## पाठक मञ्च

# रास्वपाको नेतृत्वमा रवि: वैकल्पिक राजनीतिको साख जोगाउने चुनौती

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को चितवनमा जारी पहिलो महाधिवेशनबाट रवि लामिछाने पुनः सभापतिमा निर्विरोध निर्वाचित भएका छन्। यो अपेक्षित र स्वाभाविक नतिजा थियो। यससँगै मुलुकको राजनीतिक वृत्तमा नयाँ बहस तरंगित गरेको छ। स्थापनाको छोटो समयमै 'शून्यबाट सिंहदरबारसम्म' को यात्रा तय गरेको र मुलुकको प्रमुख राजनीतिक दलका रूपमा उदाएको रास्वपाका लागि यो महाधिवेशन वैचारिक र संगठनात्मक जग बसाल्ने एउटा ऐतिहासिक अवसर थियो। यस घडीमा पार्टीको नीति, सिद्धान्त र नेतृत्वलाई पुनः अनुमोदन गर्दै लामिछाने निर्विरोध नेतृत्वमा आउनु उनको व्यक्तिगत राजनीतिक उचाइका लागि सुखद देखिए पनि आगामी दिन उनका लागि उत्साहजनकमात्र छैनन्, बरू अग्निपरीक्षासरह छन्।

महाधिवेशनमार्फत रास्वपाले आफ्नो राजनीतिक सिद्धान्तलाई 'सामाजिक लोकतन्त्र' का रूपमा व्याख्या गरेको छ। सिद्धान्त र विचारमा रहेको अलमललाई चिर्ने लामिछानेको यो प्रयास सकारात्मक छ। साथै, राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउने, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली अपनाउने र पूर्णसमानुपातिक निर्वाचन प्रणाली लागू गर्नेजस्ता शासकीय सुधारका एजेण्डाहरू आजको व्यवस्था सुदृढीकरणका लागि बहसयोग्य छन्। तर, यी नीति र सिद्धान्तहरू केवल दस्तावेजमा आकर्षक देखिनका लागिमात्र हुन् कि व्यवहारमा उतार्नका लागि ? यो नै नवनिर्वाचित सभापतिको पहिलो र मुख्य जिम्मेवारी हो।

पुनः नेतृत्वमा आएका लामिछानेका सामु जिम्मेवारी जति गम्भीर छन्, चुनौतीहरू त्योभन्दा बढी पेचिला र चौतर्फी छन्। सबैभन्दा पहिलो र आन्तरिक चुनौती भनेको पार्टीभित्रै देखिन थालेको वैचारिक मतभिन्नताको व्यवस्थापन हो। स्वयं सभापति लामिछानेले प्रदेश संरचनाको 'पुनर्संरचना' को वकालत गरिरहँदा उपसभापति एवं अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफ्नो प्रतिवेदनमा 'प्रदेशसभा खारेजी' र स्थानीय तहको संख्यामा एकतिहाइ कटौतीको प्रस्ताव अघि सारेका छन्। वैकल्पिक राजनीतिको नारा दिएर हुर्किएको दलभित्रै संघीयताजस्तो संवेदनशील र स्थापित विषयमा देखिएको यो विरोधाभासपूर्ण दृष्टिकोणलाई सन्तुलनमा ल्याउनु र पार्टीको साझा धारणा निर्माण गर्नु लामिछानेको नेतृत्व क्षमताको पहिलो परीक्षा हुने छ।

दोस्रो ठूलो चुनौती भनेको सांगठनिक सुदृढीकरण र आन्तरिक सन्तुलन हो। महामन्त्रीको प्रतिवेदनमा पार्टीको कूल सदस्य संख्या पाँच लाख २३ हजार ४५६ जना रहेको उल्लेख छ। सदस्यता विवरणलाई हेर्दा महिला सहभागिता केवल १७.२ प्रतिशतमात्र देखिनु र कर्णालीजस्तो पिछडिएको क्षेत्रमा पार्टीको उपस्थिति निकै कमजोर (५.२ प्रतिशत) हुनुले रास्वपा अझै पनि लैंगिक र भौगोलिकरूपमा समावेशी बन्न नसकेको स्पष्ट पार्छ। यस खाडललाई पुर्दै पार्टीलाई साँच्चैको राष्ट्रिय स्वरूप दिनु अनिवार्य छ।

तेस्रो र सबैभन्दा महत्त्वपूर्ण चुनौती भनेको जनविश्वासको रक्षा र वैकल्पिक राजनीतिको साख जोगाउनु हो। 'लोकतन्त्रलाई नेतातन्त्रले चपाइरहेको र नेतातन्त्रलाई बिचौलियाले नचाइरहेको' टिप्पणी गर्ने लामिछाने र उनको दल आफैं पनि पटक-पटक सत्ताको खेलमा सामेल भइसकेको छ। सत्तामा जाँदा र बाहिर रहँदा जनताले उनीहरूको बोली र व्यवहारको सूक्ष्म मूल्यांकन गरिरहेका छन्। परम्परागत दलहरूको विकृति, भ्रष्टाचार र बेथितिको विकल्प बन्ने बाचा गरेर आएको शक्ति आफैं पनि कतै त्यही दलतन्त्रको चक्रव्यूहमा फस्ने त होइन भन्ने आशंका आमनागरिकमा उब्जिएको छ। महामन्त्री कविन्द्र बुर्लाकोटीले प्रतिवेदनमा उल्लेख गरेझैं, 'परिवर्तन ल्याउन सजिलो छ, तर त्यसलाई संस्थागतरूपमा टिकाउनु कठिन छ।' यदि रास्वपाले आफूलाई परम्परागत दलभन्दा भिन्न र सुशासनको पर्यायका रूपमा स्थापित गर्न सकेन भने यो दल पनि इतिहासको एउटा 'अधुरो राजनीतिक अध्याय' मा मात्र सीमित हुने छ।

अन्त्यमा, रवि लामिछाने निर्विरोध सभापति बन्नुले पार्टीभित्र उनको अकाट्य पकड त देखाउँछ, तर वास्तविक लोकतन्त्रमा नेतृत्वको सफलता केवल पार्टीभित्रको ताली र सहमतिलेमात्र मापन हुँदैन। उनले अब सडकको 'पपुलिजम' (लोकप्रियतावाद) बाट माथि उठेर सिंहदरबार र संसद्मा जिम्मेवार, परिपक्व र परिणाममुखी राजनीतिको प्रदर्शन गर्नुपर्छ। आफ्ना समकालीन र वरिष्ठ नेताहरूसँगको समन्वय, नीतिगत स्पष्टता र जनताका आधारभूत समस्या (जस्तैः रोजगार, श्रम आप्रवासनका समस्या, आर्थिक मन्दी आदि) को समाधानमा ठोस एजेण्डासहित अघि बढ्नु नै उनको सफल कार्यकालको कसी हुने छ। नवनिर्वाचित सभापति र रास्वपाको नयाँ कार्यसमितिलाई हार्दिक शुभकामना।

**- पार्वती खनाल**
झापा (हाल कीर्तिपुर, काठमाडौं)

# बर्दघाट क्षेत्रमा खडेरी लम्बिँदा पानीको हाहाकार



**पाल्हीनन्दन (नवलपरासी पश्चिम)**– बर्दघाट सुस्तापश्चिम नवलपरासी क्षेत्रमा दुई हप्तादेखि वर्षा नभई खडेरी लम्बिँदा अत्यधिक गर्मीसहित धानखेतका बिरुवा सुक्न थालेसँगै किसान चिन्तित देखिएका छन् ।

लामो समयदेखि वर्षा नहुँदा पानीको हाहाकार भएको, गर्मी अत्यधिक बढेको र धानखेतमा धाँजा फाटी रोपेका बिरुवा सुक्न थालेपछि स्थानीय किसान चिन्तित देखिएका हुन् । खेतमा धाँजा फाटी लगाइएका धानका बिरुवा सुक्न थालेपछि रोपाइँ बन्द गरेको पाल्हीनन्दन-६ निवासी दीनानाथ यादव बताउँछन् । उनका अनुसार यस वर्षको लामो खडेरीसँगै डिपबोरिङ र चापाकलसमेत सुक्न थालेपछि सिँचाइको अतिरिक्त पिउने पानीकोसमेत समस्या थपिएको छ ।

पाल्हीनन्दन-५ का वडाध्यक्ष दयाशंकर त्रिपाठी गण्डक नहरदेखि दक्षिणतर्फका गाउँमा चापाकलमा थारै भए पनि पानी आइदिँदा लत्ताकपडा धुन र नुहाउन राहत मिलेको भए पनि आफ्नो गाउँठाउँतर्फ भने पानीको हाहाकार भएको बताउँछन् ।

खानेपानीको अभाव भएपछि चन्दा उठाएर मोटर सञ्चालन गरी खानेपानी संस्थानले गाडेको डिप बोरिङबाट पानीको व्यवस्था गर्न बाध्य हुनुपरेको अध्यक्ष त्रिपाठीले जानकारी दिए । अध्यक्ष त्रिपाठीका अनुसार दुई साताभन्दा बढी समयदेखि पानी नपर्दा गर्मी अचाक्ली बढी रोपेको धानका बिरुवा सुक्न थालेपछि बाँकी खेतमा धान रोप्ने काम बन्द गरिएको छ ।

कृषि ज्ञान केन्द्र नवलपरासीका कार्यालय प्रमुख शिवप्रसाद अर्यालले पश्चिमी वायु प्रणाली सक्रिय हुँदा खुसी भई रोपेका धानका बिरुवा सुक्न थालेपछि किसान आत्तिन थालेको बताए । जिल्लामा अहिलेसम्म करिब ४० प्रतिशत धान रोपाइँको काम सकिएको जानकारी दिँदै प्रमुख अर्यालले भने, 'दुई सातादेखि पानी नपर्दा रोपेका धानका बिरुवा सुक्न थालेका छन् । खानेपानीकोसमेत हाहाकार भइदिँदा किसानसहित स्थानीय जनता आत्तिएका छन् । बोरिङ र चापाकलसमेत सुक्दा पश्चिम नवलपरासी क्षेत्रमा झन् समस्या देखिएको अवस्था छ ।'

यसैबीच, देशको पूर्वतर्फबाट मनसुन भित्रियो भन्ने खबर सुन्न पाइएको छ भन्दै स्थानीय किसानबाट अब छिट्टै वर्षा भइदिए गर्मी कम हुने, खानेपानी तथा सिँचाइको समस्या समाधान हुने, धानका बिरुवाले जीवन पाउने र कृषि व्यवसायमा सक्रिय भई आनन्द लिन पाउने अपेक्षा गरिएको छ । *रासस*

वीरगञ्जको नीति तथा कार्यक्रम

# सुशासनयुक्त महानगरमा जोड

**वीरगञ्ज (पर्सा)**– वीरगञ्ज महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, आर्थिक विकास, सामाजिक विकास र सुशासनमा जोड दिएको छ ।

महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले बुधबार महानगरको २०औं नगरसभामा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै डिजिटल, सुशासनयुक्त महानगर, नागरिककेन्द्रित सेवा प्रणाली भएको सहर, हरित तथा दिगो सहरी संरचनायुक्त स्थान, उद्यमशीलता र लगानीको केन्द्र, तथा अवसर सिर्जना गर्ने आर्थिक केन्द्रका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएको बताए ।

त्यसैगरी, आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमले दिगो विकास लक्ष्यको स्थानीयकरण, आधुनिक तथा गुणस्तरीय सहरी पूर्वाधार निर्माण, सुरक्षित र व्यवस्थित बस्ती विकास, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, कृषि तथा उद्यम विकास, लगानी तथा पर्यटन प्रवर्द्धन, सुशासन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारेको प्रमुख आलमले उल्लेख गरे ।

साथै, महानगरपालिकाको आन्तरिक आय अभिवृद्धि, प्रक्रियागत पुनसंरचनामार्फत सेवा प्रवाह सुधार, प्रविधिमैत्री प्रशासन, नागरिक सहभागितामा आधारित विकास व्यवस्थापन तथा सार्वजनिक स्रोतसाधनको पारदर्शी र परिणाममुखी परिचालनलाई पनि विशेष जोड दिएको छ । प्रमुख आलमले भने, 'कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण तथा व्यावसायीकरणका लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली अवलम्बन गरिने छ, मुख्य खाद्यान्नबाली गहुँको उत्पादकत्व बढाउन कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्ने व्यवस्थालाई महत्त्वका साथ निरन्तरता दिइने छ ।'

महानगरले जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम् प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधी तथा कीरा नियन्त्रणका लागि 'आकस्मिक बाली संरक्षण कार्यक्रम' समेत सञ्चालन गर्ने भएको छ । कृषकलाई नवीन प्रविधिसँग जोड्न बर्षे र हिउँदे मिनीकिट तथा सहरी क्षेत्रमा च्याउ खेती प्रवर्द्धनका लागि च्याउको बीउ वितरण कार्यक्रमलाई प्राथमिकता दिइने जनाएको छ ।

नीति तथा कार्यक्रममा भनिएको छ, 'दिगो विकासको लक्ष्यअनुरूप गुणस्तरीय शिक्षा सुनिश्चित गर्न महानगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको मूलधारबाट कुनै पनि बालबालिकालाई बञ्चित हुन नदिन विद्यार्थी भर्नादरलाई सतप्रतिशत बनाउन निरन्तर समन्वय, सहकार्य, अनुगमन तथा मूल्यांकन कार्यमा तीव्रता ल्याइने छ ।' *रासस*

# आत्मनिर्भर बन्न सीप सिक्दै पाल्पाका महिला

**तानसेन (पाल्पा)**– यहाँका महिला आत्मनिर्भर बन्ने उद्देश्यसहित सीप सिक्न थालेका छन् । स्थानीय सरकारको सहयोगमा उनीहरू प्रशिक्षणमा सहभागी भएका हुन् ।

विपन्न वर्ग तथा समुदायलाई लक्ष्य गरी स्थानीय सरकारले सीप विकाससम्बन्धी तालिम सञ्चालन गरेपछि उद्यम गरेर आत्मनिर्भर हुन उनीहरू प्रशिक्षणमा आकर्षित भएका हुन् । केही महिला सीप सिकेर स्वरोजगार बनेका छन् भने केही सीप सिकिरहेका छन् ।

तानसेन नगरपालिका-५ कैलाशनगरकी मालती अधिकारीले भनिन्, 'सीप सिक्छौं, आत्मनिर्भर बन्छौं, आयआर्जनको क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन्छौं । यसअघि स्वेटर, टोपी, मोजालगायत बुन्न सिकेको र अहिले वडा कार्यालयको सहयोगमा जुत्ता, चप्पल बनाउन सिकेको सीपले हाम्रो जीवनस्तर सुधार हुने ठानेकी छु ।' सानो लगानीमा पनि व्यवसाय गर्न सकिने भएकाले आर्थिक अवस्थामा उक्सने आशा उनले व्यक्त गरिन् ।

उद्यमी अधिकारीजस्तै यहाँका ३४ जना महिलाले जुत्ता, चप्पल बनाउन सिकेका छन् । सीप विकासमार्फत विपन्न समुदायका महिलालाई आत्मनिर्भर बनाउन तालिम दिइएको वडाध्यक्ष रामबहादुर रावलले बताए । सीप र रोजगारलाई प्राथमिकता दिँदै दक्ष जनशक्ति र उद्यमी उत्पादन गर्नेगरी वडाले काम गरिरहेको उनले बताए ।

उनले भने, 'महिला र युवालाई सीपसँग जोड्दै क्षमता विकास गर्ने र उत्पादन गरेका वस्तु बजारसम्म पुर्याउनका लागि हामीले सहजीकरण गर्दै आएका छौं ।' तालिमबाट महिला उद्यमी बन्ने र नगरभित्र आर्थिक चलायमान बढ्ने उनले विश्वास व्यक्त गरे । सानो पुँजीमा व्यवसाय सञ्चालन गर्न सकिने भएकाले महिला सजिलै आत्मनिर्भर बन्न सक्ने रावलको भनाइ छ ।

सधैंजसो मेलापात, चुलोचौका र घरधन्दामै दैनिकी बिताउँदै आएका रामपुरका महिला पनि ४५ दिने होजियारी तालिमपछि गाउँमै स्वेटर, मोजा, टोपी र मफलर बुन्न सक्ने भएका छन् । रामपुर नगरपालिकाले होजियारी तालिम सञ्चालन गरेपछि सुइडा पनि नदेखेका महिलाले स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छन् ।

तालिममा सहभागी सीता रेग्मीले भनिन्, 'हामीले सुइडा पनि देखेका थिएनौं । पहिलो दिनमा त निकै अलमलिएका थियौं । सीप सिक्ने इच्छाका साथ दैनिक प्रयास गरेपछि अब स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छौं ।'

रामपुर नगरपालिकाले उपप्रमुख ग्रामीण महिला उत्थान कार्यक्रमअन्तर्गत आधार भूत होजियारी तालिम लिएका ग्रामीण महिलाका लागि ४५ दिनको तालिम दिएपछि महिलाहरू स्वरोजगार बन्ने दिशामा लागेका हुन् । नगरप्रमुख रमणबहादुर थापाले महिलालाई व्यावसायिक र आत्मनिर्भर बनाउन नगरपालिकाले सीपमूलक तालिम सञ्चालन गर्दै आएको बताए । कतिपय महिला तालिम लिएर व्यवसाय बजारको सुनिश्चितता पनि पालिकाले गर्ने उनले बताए । *रासस*


## किङ्ग पेन्ट्स उद्योगको स्थापना तथा संचालनार्थ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०३/११)**

बागमती प्रदेश, काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका-०५ मा किङ्ग पेन्ट्स नेपाल प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **किङ्ग पेन्ट्स नेपाल प्रा. लि.**<br>तारकेश्वर नगरपालिका-०५, काठमाडौं |
| **प्रस्तावको व्यहोरा** | किङ्ग पेन्ट्स उद्योगको स्थापना तथा संचालन गरी विभिन्न रंगहरूको उत्पादन र बिक्री वितरण गर्ने ।<br>**जग्गाको कित्ता नं.**: ९९५ र ९९७<br>**बार्षिक उत्पादन क्षमता**: करिव ३,११२ टन |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वडा नं.** | काठमाडौं जिल्ला<br>तारकेश्वर नगरपालिका-०५ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| **प्रस्तावकको नाम र ठेगाना:** | **परामर्शदाताको नाम र ठेगाना:** |
|---|---|
| किङ्ग पेन्ट्स नेपाल प्रा. लि.<br>तारकेश्वर नगरपालिका -०५, लोलाङ्ग<br>काठमाडौं, बागमती प्रदेश | एस. ए. आर. पि. ईन्जिनियरिङ्ग प्रा. लि.<br>ठेगाना: मध्यपुर थिमी, भक्तपुर, नेपाल<br>फोन नं.: ९८४९६९४५८५ |


## जंगली जनावरबाट पीडितलाई राहत

**सुनसरी (प्रस)**– जंगली जनावरबाट पीडित यहाँस्थित नागरिकलाई २३ लाख १४ हजार रूपैयाँ राहत रकम वितरण गरिएको छ । कोसी टप्पु वन्यजन्तु आरक्ष वरपर बस्ने स्थानीयलाई विभिन्न जंगली जनावारले विभिन्न प्रकारका क्षति पुऱ्याएकाले सो रकम प्रदान गरिएको हो ।

जंगली जनावरले असोज महिनामा सबैभन्दा बढी क्षति पुऱ्याएको आरक्षका अधिकृत अंकित पौडेलले जानकारी दिए । असोज महिनामा १२ लाख ३८ हजार रूपैयाँ राहत वितरण गरिएको छ । जंगली जनावरको आक्रमणमा समान्य घाइते भएकालाई आठ हजार ६०५ रूपैयाँ, भण्डारण गरिएको अन्नको क्षतिबापत १२ हजार रूपैयाँ, घरगोठको क्षतिबापत २६ हजार रूपैयाँ, अन्नबालीको क्षतिबापत ११ लाख ९२ हजार रूपैयाँ मानिसको मृत्युबापत वैशाखमा १० लाख रूपैयाँ राहत रकम वितरण गरेको हो । गत वैशाख महिनामा जंगली जनावरको आक्रमणबाट एक जनाको मृत्यु भएको र मृत्युबापत पीडित परिवारलाई १० लाख रूपैयाँ राहत रकम वितरण गरिएको थियो ।


## ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा यस सहकारी संस्था लिमिटेडका शेयर सदस्या श्री राजभाई श्रेष्ठको मिति २०८२/१०/०१ गते निधन भएको भनी निजको श्रीमती रिद्धि प्रधान श्रेष्ठले निज मृतकको नाममा यस संस्थामा रहको शेयर तथा बचत रकम पाउँ भनी संस्था समक्ष निवदन दिनु भएको छ ।

तसर्थ, निज मृतक सदस्यको नाममा रहेको शेयर तथा बचत रकम उपर अरू कसैको हकदाबी वा कानूनी दाबी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने आवश्यक प्रमाण(कागजात) सहित यस संस्थामा निवेदन दिनुहोला ।

उल्लेखित समयावधि भित्र कसैले पनि हकदाबी वा निवेदन पर्न नआएमा, संस्थाको नियमानुसार निज मृतकको श्रीमतीको नाममा शेयर तथा बचत रकम नामसारी भई जाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**औद्योगिक बचत तथा ऋण सहकारी संस्था लि.**
बा. औ. क्षे. बालाजु-१६, काठमाडौं



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७२/१२/२२ मा दर्ता भएको **प्रा. लि. नं. १४७४६७**को **सियोन फुलबारी** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कतारमा रोजगार
कम्पनी : ELITE SERVICES AND VALET PARKING W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/03/0९ | LT. 343927 | चलानी नं. ६०२५७२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor, Security | 1 | 0 | 2500 | १,०३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner, Hotel | 0 | 2 | 1000 | ४१,५५६ | | | | | | | |
| 3. | Watchman, Parking | 2 | 0 | 1500 | ६२,३३४ | | | | | | | |
| 4. | Service Agent/General | 0 | 2 | 1500 | ६२,३३४ | | | | | | | |
| 5. | Driver | 4 | 0 | 2200 | ९१,४२३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



## मलेसियामा रोजगार
कम्पनी : Econsave Cash & Carry Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/०९/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/10 | LT. No. 336943 | चलानी नं. ६०२५०५०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supermarket General Worker | 1 | 0 | 1700 | ६२,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA H.R. SERVICE PVT. LTD.** श्रम इजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## मलेसियामा रोजगार
कम्पनी : SYARIKAT SHANMUGA SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/03/10 | LT. No. 343934 | चलानी नं. ६०२५७२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Used Scrap Metal Worker | 4 | 0 | 1700 | ६२,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1682/080/081
**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



## युएइमा रोजगार
कम्पनी : BASATIN LANDSCAPING SP LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/10 | LT. No. 337343 | चलानी नं. ६०२५०७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/Gardeners | 195 | 0 | 1000 | ४१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ असार १८ गते (2nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083
**I.M.G. Nepal Pvt.Ltd.**
Lalitpur Metropolitian City-13, Ekantakuna, Lalitpur, Tel : 01-5415570,
Mob : Narayan Babu Karki 9860929700, E-mail : imgnepal2@gmail.com



## युएइमा रोजगार
कम्पनी : NEXA INFINITY GENERAL CONTRACTING - L.L.C S.P.C

पूर्व स्वीकृति मिति : २०८३/03/0९ | LT. No. 343898 | चलानी नं. ६०२५७२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 10 | 0 | 1200 | ४९,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE MALIK ELECTROMECHANICAL CONTRACTING CO. LLC

पूर्व स्वीकृति मिति : २०८३/03/10 | LT. No. 343996 | चलानी नं. ६०२५७२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1200 | ४९,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Tile & Block & Plaster) | 2 | 0 | 1500 | ६१,९९५ | | | | | | | |
| 3 | GENERAL STEEL FIXER | 2 | 0 | 1500 | ६१,९९५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४
**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com



## मलेसिया/युएइमा रोजगार
कम्पनी : SPLENDID TACTIC SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/10 | LT. No. 332246 | चलानी नं. ६०२४५९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 4 | 0 | 1700 | ६२,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KAWEKAWA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/10 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/10 | LT. No. 331649 | चलानी नं. ६०२५०६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६२,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : STING FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/10 | LT. No. 338878 | चलानी नं. ६०२५२५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 32 | 0 | 1700 | ६२,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FAWAD HASSAN TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८३/03/0९ | LT. No. 343874 | चलानी नं. ६०२५७२३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper-Skilled | 6 | 0 | 1000 | ४१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

# प्रभाव दैनिक

बिहीबार, ११ असार २०८३ (Thursday, 25 June 2026)


**रूपशाला**

### 'महाराजाधिराज'मा पूजना चलचित्र

'महाराजाधिराज'मा नायिका पूजना प्रधान अनुबन्ध भएकी छन् । सिनेमा छायांकनको मध्यतिर उनी यो चलचित्रमा अनुबन्ध भएकी हुन् । सोमबार 'महाराजधिराज'को ३३ औँ दिनको छायांकन चलिरहेका बेला निर्माण टिमले पूजनालाई आफ्नो चलचित्रमा अनुबन्ध गरेको जानकारी दिएको हो । परिच्छेद सेनले निर्देशन गरिरहेको 'महाराजाधिराज'लाई नबराज थापाले खिचिरहेका छन् । 'महाराजधिराज' सोसल पिरयड ड्रामा रहेको निर्देशक सेनले बताएका छन् । चलचित्रमा कलाकारहरू आर्यन सिग्देल, रमेश उप्रेती, पुष्प खड्का, पूजा शर्मा, केकी अधिकारी, उषा रजक, गजित विष्ट, जयकिशन बस्नेत, मोहन निरौला, दिनेश डिसी, सुशील सिटौलालगायत रहेका छन् ।



# 'गौँथली' साउन १ बाट रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'गौँथली' साउन १ गतेबाट रिलिज हुँदा यो सिनेमामा योङ एन्ड इनरजेटिक जोडी दर्शकमाझ प्रस्तुत हुनेछ । निर्देशक कपिल रिजालले यो चलचित्रमा अरुण क्षेत्री र सिम्रन खड्कालाई अनस्क्रिन जोडी बाँधिदिएका छन् ।

अरुण र सिम्रन श्रीमान् र श्रीमतीको भूमिकामा छन् । यी दुवै कलाकार दर्शकको मनमा बसिसकेका कलाकार हुन् । 'महापुरुष'लगायत चलचित्रबाट अरुणले दर्शकको मन जितेका थिए । सिम्रनले 'प्रेमगन्ज', 'चित्रा' र 'बेहुली फ्रम मेघौली' लगायत चलचित्रबाट आफूलाई अब्बल दर्जाको कलाकारका रूपमा प्रमाणित गरेकी थिइन् ।

अब यी कलाकार आफ्ना दर्शकमाझ 'गौँथली'मार्फत आउँदैछन् । केही दिनअगाडि यो सिनेमाको स्याड सङ 'आँखा भरी आँसु' सार्वजनिक भएको थियो । थानेश्वर गौतम र शान्तिश्री परियारको स्वर रहेको गीतमा संगीत पनि थानेश्वर स्वयंको थियो । गीतमा शब्दरचना डा. भोला रिजालको थियो । उक्त गीत दर्शकले रुचाइहेका छन् ।

यो गीत सार्वजनिक विशेष तरिकाले भएको थियो । गीत सार्वजनिक कार्यक्रममा अरुण र सिम्रन बेहुला र बेहुलीको भेषमा कार्यक्रमस्थलमा पुगेका थिए । जुन कार्यक्रमका निम्तालु र पत्रकारका लागि



सरप्राइज बनेको थियो ।

गीत अगाडि यो सिनेमाको टिजर सार्वजनिक भएको थियो । टिजर देखिएको सिनेमाको विषय, अभिनय र प्रस्तुतिलाई नै दर्शकले मन पराएका छन् ।

'हाम्रो गीत र टिजरलाई दर्शकले रुचाइदिनु भएको छ । एकदमै राम्रो प्रतिक्रिया आइरहेको छ,' निर्देशक रिजालले भने, 'विषयवस्तु र अभिनयको तारिफ गर्नु भएको छ । शारीरिक समस्याले निम्त्याएको असर त्यसले मानिसको जीवनमा पर्ने प्रभावलाई रुचाइदिनु भएको छ ।'

यो चलचित्रमा अरुण र सिम्रनले पहिलोपटक अनस्क्रिन जोडी बाँधेका छन् । यो जोडीलाई दर्शकले कसरी लिएलान् भन्ने कौतुहलता छ । चलचित्रमा 'गौँथली'को प्रतीकात्मक अर्थ घर, परिवार र आपसी सामीप्यता रहेको निर्माण पक्षले जनाएको छ । डा. कपिल रिजालले निर्देशन गरेको चलचित्र 'गौँथली'मा अरुण क्षेत्री र सिम्रन खड्का मुख्य भूमिकामा छन् ।

बलियो लाइनअप रहेको यो चलचित्रमा मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रविन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना र राजेन्द्र नेपालीको अभिनय रहेको छ । बाल कलाकारका रूपमा अंशु ओली र प्रिन्स नेपालीले अभिनय गरेका छन् ।

डा. भोला रिजालको कथा रहेको चलचित्रको पटकथा तथा संवाद लेखनमा निर्देशक डा. कपिलसँगै निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेले सहकार्य गरेका छन् । भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको यस चलचित्रको कार्यकारी निर्माता सरला रिजाल छिन् । निर्माताको रूपमा सुमन गिरी र डा. कपिल रिजाल छन् भने इन्दु गिरी, मनिष रिजाल, प्रलय रिजाल र जीवन ओली सह-निर्माताको रूपमा रहेका छन् ।

शम्भुजीत बासकोटा, थानेश्वर गौतम र प्रशान्त सिवाकोटीको संगीत रहेको यस चलचित्रमा पाश्र्व संगीत एलिस कार्कीको छ । चलचित्रलाई हरि हुमागाईंले खिचेका हुन् भने मिलन श्रेष्ठले सम्पादन गरेका छन् ।

गिरिराज घिमिरे मुख्य सहायक निर्देशक रहेको यस चलचित्रमा आर्यन अधिकारी र बुद्धि नेपाली सहायक निर्देशक, मुकेश शाहको ध्वनि मिश्रण, राजेन्द्र मोक्तानको रङ संयोजन, रामजी लामिछाने र मौसम हिमालीको कोरियोग्राफी रहेको छ ।

यो चलचित्रलाई रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट, र एफ.डी. कम्पनीले वितरण गर्ने छन् । डिजिटल पार्टनर 'ओएसआर डिजिटल' रहेको छ । 'गौँथली' नाममा डा. भोला रिजालले दुई दशकअघि चलचित्र निर्माण गरेका थिए । उक्त चलचित्रलाई नेपालको पहिलो 'गीति फिल्म' (म्युजिकल फिल्म) मानिन्छ । 'गौथली'ले प्रदर्शनको ५१औँ दिन मनाएको थियो । अहिले सोही नाममा डा. भोला रिजालका छोरा तथा निर्देशक डा. कपिल रिजालले नयाँ चलचित्र 'गौँथली' निर्देशन गरेका हुन् ।

# 'कार्की साइँला'को नयाँ प्रदर्शन मिति तय

■ प्रभाव संवाददाता




**काठमाडौं–** अभिनेता जितु नेपालको मुख्य भूमिका रहेको चलचित्र 'कार्की साइँला'को नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माण पक्षले बुधबार चलचित्रको एक आधिकारिक पोस्टर सार्वजनिक गर्दै आगामी असोज २ गतेलाई नयाँ प्रदर्शन मिति तोकेको हो ।

यसअघि आगामी साउन १ गतेबाट प्रदर्शन गर्ने तयारी गरिए पनि वितरकसँगको आपसी छलफलपछि प्रदर्शन मिति असोज २ गतेका लागि सारिएको निर्माण टिमले जनाएको छ ।

सार्वजनिक गरिएको नयाँ पोस्टरमा अभिनेता जितु नेपाल र अभिनेत्री प्रियना आचार्य (मुन्नी)लाई रोमान्टिक अन्दाजमा प्रस्तुत गरिएको छ । पोस्टरमा देखिएको उनीहरूको प्रेमिल भावले चलचित्र प्रेमकथामा आधारित रहेको अनुमान लगाउन सकिन्छ । यद्यपि, चलचित्रको मूल कथावस्तु र थप विवरणका लागि भने आगामी टिजर, ट्रेलर वा चलचित्रकै प्रतीक्षा गर्नुपर्ने हुन्छ । नामैबाट 'कार्की साइँला' नामका एक भरियाको जीवनी र सङ्घर्षको वरिपरि घुम्ने यस चलचित्रको छायाङ्कन पूर्वी नेपालका रमणीय स्थलहरू धनकुटा, सुनसरीको बराहक्षेत्र र चतरा लगायतका क्षेत्रमा गरिएको छ ।

राजेन्द्र बस्नेतको निर्देशनमा तयार भएको यस चलचित्रमा जितु र प्रियनाका साथै सुशील पोखरेल, बीरेन्द्र सिंह कुशवाह, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बु, रोदा राई र कमल देवकोटा लगायतका कलाकारको अभिनय देख्न सकिनेछ । कर्णबहादुर फिल्मस् प्रालिको ब्यानरमा निर्माण भएको यस चलचित्रका निर्माता बालकुमार राई हुन् भने कृष्ण भगत चाम्लिङ प्रस्तुतकर्ताका रूपमा रहेका छन् । त्यस्तै चलचित्रको कार्यकारी निर्मातामा अनन्त राई रहेका छन् ।

सबिन अधिकारी र शङ्कर धितालले लेखेको यस चलचित्रमा मुख्य सहायक निर्देशकको जिम्मेवारी रोजल थापाले निभाएका छन् । डम्बर राईले छायाङ्कन गरेको चलचित्रमा किरण दाहालको द्वन्द्व, दिप्सन लिम्बुको सङ्गीत र सिबी भण्डारीको प्रडक्सन व्यवस्थापन रहेको छ । व्यवसायिक वितरणतर्फ यस चलचित्रलाई काठमाडौं उपत्यकाभित्र काफिया फिल्मस्का तर्फबाट गोविन्द शाहीले र उपत्यकाबाहिर कुबेर फिल्मस्ले बजार व्यवस्थापन गर्ने जिम्मा लिएका छन् ।

## रंगशाला




# चम्किए रोनाल्डो, पोर्चुगलको शानदार जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिफा विश्वकप प्रतियोगिताअन्तर्गतको खेलमा पोर्चुगल विजयी भएको छ । समूह 'के'अन्तर्गतको आफ्नो दोस्रो खेलमा पोर्चुगलले उज्वेकिस्तानलाई ५-० गोलअन्तरले पराजित गर्‍यो ।

पोर्चुगलको जितमा क्रिस्टियानो रोनाल्डो नायक बने । उनले दुई गोल गरे । खेलको छैटौं मिनेटमा 'कर्नर'बाट आएको बललाई रोनाल्डाले जाली चुमाउँदै टोलीलाई अग्रता दिलाए । त्यसपछि १७औँ मिनेटमा नुनो मेन्डेसले गोल गर्दै पोर्चुगलको अग्रता दोब्बर बनाए ।

३९औँ मिनेटमा रोनाल्डोले व्यक्तिगत दोस्रो गोल गर्दा पोर्चुगल ३-० को अवस्थामा आयो । खेलको ६०औँ मिनेटमा अब्दवोहिद नेमातोवले र ८७औँ मिनेटमा राफाएल लीओले गोल गरेपछि पोर्चुगलले खेल ५-० गोलअन्तरले जित्यो ।

जितसँगै पोर्चुगल समूह 'के'को अंक तालिकामा चार अंकका साथ शीर्ष स्थानमा उक्लिएको छ । समूह चरणको आफ्नो पहिलो खेलमा पोर्चुगलले कङ्गोसँग बराबरी खेलेको थियो । समूह चरणमा लगातार दोस्रो हार बेहोरेको उज्वेकिस्तान अंक तालिकाको अन्तिममा छ ।



### इङ्ल्याण्ड र घाना बराबरी

फिफा विश्वकप प्रतियोगिताअन्तर्गत भएको खेलमा इङ्ल्याण्ड र घानाबीचको खेल बराबरीमा टुङ्गिएको छ । समूह 'एल'अन्तर्गतको आफ्नो दोस्रो खेलमा दुवै टोलीले गोलरहित बराबरी खेले ।

समूह चरणको आफ्नो पहिलो खेलमा इङ्ल्याण्डले क्रोएसियालाई ४-२ गोलअन्तर र घानाले पानामालाई १-० गोलले पराजित गरेका थिए ।

### क्रोएसियाको जित

क्रोएसियाले मंगलबार सम्पन्न विश्वकप समूह 'एल' को खेलमा पानामालाई १-० ले पराजित गर्दै नकआउट चरण पुग्ने आशा कायम राखेको छ ।

यस हारसँगै पानामा प्रतियोगिताबाट बाहिरिएको छ । दोस्रो हाफ सुरु भएपछि क्रोएसियाले खेलमा निर्णायक गोल निकाल्न सफल भयो । खेलको ५४औं मिनेटमा जोसिप स्टानिसिचले दिएको आकर्षक क्रसलाई प्रतिस्थापन खेलाडी आन्टे बुडिमिरले सहज रूपमा जाली चुमाउँदै गोल गरे । मैदान प्रवेश गरेको चार मिनेटमै उनले टोलीलाई अग्रता दिलाएका थिए । यस जितपछि समूह 'एल' को प्रतिस्पर्धा थप रोचक बनेको छ । दुई खेलपछि इंग्ल्यान्ड र घाना समान ४ अंकका साथ शीर्ष स्थानमा छन् भने क्रोएसियाको ३ अंक पुगेको छ ।

### कोलम्बिया विजयी

कोलम्बियाले बुधबार बिहान सम्पन्न विश्वकप समूह 'के' को खेलमा कंगोलाई १-० ले पराजित गर्दै नकआउट चरणमा आफ्नो स्थान सुरक्षित गरेको छ । कंगोको बलियो रक्षापंक्तिलाई भेद्न संघर्ष गरिरहेको कोलम्बियाका लागि ड्यानियल मुन्योसले निर्णायक गोल गरे ।

खेलको ७६औं मिनेटमा मुन्योसले पेनाल्टी क्षेत्रभित्रबाट गरेको बायाँ खुट्टाको प्रहार डिफेन्डरलाई छोएर गोलमा परिणत भएको थियो । प्रतियोगितामा उनको यो दोस्रो गोल हो ।

कंगोका गोलकिपर लियोनल म्पासीले सुरुआती २० मिनेटमै पाँच उत्कृष्ट बचाउ गर्दै कोलम्बियालाई लामो समयसम्म गोल गर्नबाट रोकेका थिए ।

समूह 'के' मा दुई खेलपछि कोलम्बियाको ६ अंक पुगेको छ । पोर्चुगल ४ अंकसहित दोस्रो स्थानमा छ भने कंगोको १ अंक मात्र छ ।

अब शनिबार हुने अन्तिम समूह चरणको खेलमा कोलम्बियाले पोर्चुगलसँग प्रतिस्पर्धा गर्नेछ ।


**युएइमा रोजगार** कम्पनी : BURJ AL MAJD BUILDING CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०८३/०३/१० | LT. No. 343981 | चलानी नं. ६०२५७२६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 21 | 0 | 1000 | ४१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

**साउदीमा रोजगार** कम्पनी : CHANGDA FUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343944 | चलानी नं. ६०२५७२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 3 | 0 | 1800 | ७२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4579617/4572474, Fax : +977-1 -4466023
श्रम ईजाजत नं. ३५९/०५९/०६०

**साउदीमा रोजगार** कम्पनी : FACT BEVERAGE SERVICE EST

पूर्व स्वीकृति मिति : २०८३/०३/१० | LT. No. 343990 | चलानी नं. ६०२५७२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४८,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALED MOHAMMED BIN ABDUL RAHMAN AL HATHLOUL FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०३/१० | LT. No. 343991 | चलानी नं. ६०२५७२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ४०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**ओमनमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : AL SIRAJ HOSPITALITY MANAGEMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१० | LT. No. 333987 | चलानी नं. ६०२५७२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | 0 | 170 | ६७,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook General | 8 | 0 | 180 | ७१,०५५ | | | | | | | |
| 3 | Waiter Coffe Shop | 0 | 5 | 170 | ६७,१०५ | | | | | | | |
| 4 | Dish-washer (Restaurants & Kitchens) | 2 | 0 | 150 | ५९,२१० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १८ गते (2nd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



उत्तरी फिलिपिन्सको नुएभा एसिजा प्रान्तको बिबिक्लाटमा बुधबार सेन्ट जोन द ब्याप्टिस्टको पर्वको दिन हिलो र सुकेको केराको पातले शरीर ढाकेर मैनबत्ती बाल्ने उत्सवमा भाग लिँदै क्याथोलिक भक्तहरू । *तस्बिरः एपी*

# इरानी आणविक केन्द्रमा निरीक्षण हुने संकेत



**टोकियो–** संयुक्त राष्ट्रसंघअन्तर्गतको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का महानिर्देशक राफेल मारियानो ग्रोसीले इरानका आणविक संवर्द्धन केन्द्रहरूमा आफ्ना निरीक्षकहरूले पुनः पहुँच पाउने संकेत गरेका छन् । अमेरिका र इरानबीच भएको अन्तरिम समझदारीअनुसार ती केन्द्रहरूको निरीक्षण हुने उनको भनाइले युद्धपछिको आणविक विवाद समाधानतर्फ महत्त्वपूर्ण प्रगति भएको देखाएको छ ।

जापानको फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्रको भ्रमणका क्रममा पत्रकारहरूसँग कुरा गर्दै ग्रोसीले अमेरिका र इरानबीच भएका केही परस्परविरोधी अभिव्यक्तिलाई 'शब्दहरूको युद्ध' को संज्ञा दिए । उनले दुवै देशका राष्ट्रपतिले हस्ताक्षर गरेको समझदारीपत्रमा आइएइएद्वारा निरीक्षण गरिने कुरा स्पष्टरूपमा उल्लेख गरिएको बताए ।

ग्रोसीका अनुसार आणविक सामग्री र सम्बन्धित गतिविधिमाथि आइएइएको निगरानी रहने सहमति भएको छ । निरीक्षण भोलिपल्ट होस्, एक सातापछि होस् वा केही दिनपछि, अन्ततः निरीक्षण हुने निश्चित रहेको उनले बताए । इरान र अमेरिकाबीच हालै भएको अन्तरिम सम्झौताले इरानको उच्चस्तरमा संवर्द्धित युरेनियम भण्डारलाई घटाउने व्यवस्था गरेको छ । उक्त प्रक्रिया प्रभावकारी बनाउन आइएइएको निरीक्षणलाई अत्यन्त महत्त्वपूर्ण मानिएको छ ।

सन् २०२५ मा इजरायल र इरानबीच १२ दिनसम्म चलेको युद्धपछि तेहरानले आइएइएलाई संवर्द्धन केन्द्रहरूमा प्रवेश गर्न दिएको छैन । ती केन्द्रहरूमा इरानले सम्भावित रूपमा आणविक हतियार निर्माण गर्न पर्याप्त मात्रामा समृद्ध युरेनियम भण्डारण गरेको आशंका पश्चिमी मुलुकहरूले गर्दै आएका छन् ।

इरानले भने आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण उद्देश्यका लागिमात्र रहेको दाबी गर्दै आएको छ । यद्यपि, हतियार निर्माण कार्यक्रम नभएको दाबी गर्ने मुलुकहरूमध्ये इरानमात्रै ६० प्रतिशतसम्म युरेनियम संवर्द्धन गर्ने देश बनेको छ । मंगलबार इरान र अमेरिकाका अधिकारीहरूले निरीक्षणको विषयमा फरक-फरक अभिव्यक्ति दिएका थिए । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले गत वर्ष अमेरिकी बमबारीमा परेका आणविक केन्द्रहरूको निरीक्षण गर्ने कार्यक्रम नभएको बताएका थिए ।

युद्धपछि बुसेहर आणविक ऊर्जा केन्द्रलगायत केही स्थलमा आइएइएलाई प्रवेश दिइए पनि मुख्य संवर्द्धन केन्द्रहरूमा पहुँच नपाउँदा इरानको युरेनियम भण्डारको वास्तविक अवस्था पुष्टि गर्न नसकिएको एजेन्सीले जनाएको छ । युरेनियम संवर्द्धनमा प्रयोग हुने सेन्ट्रिफ्युजहरूको अवस्था जाँच गर्न पनि आइएइए असमर्थ रहेको छ ।

इरान र आइएइए दुवैले हाल कुनै नयाँ संवर्द्धन गतिविधि नभएको बताएका छन् । यद्यपि, केही अप्रसार विशेषज्ञहरूले इरानले आफ्नो युरेनियम भण्डार अघोषित स्थानमा सारेको हुन सक्ने चिन्ता व्यक्त गरेका छन् । गत साता अमेरिका र इरानबीच भएको सम्झौताअनुसार तेहरानले आफ्नो समृद्ध युरेनियम भण्डार घटाउने तथा इरानी तेलमाथिका अमेरिकी समर्थनप्राप्त प्रतिबन्धहरू खुकुलो बनाउने सहमति भएको छ । दुवै पक्षलाई थप व्यापक समझदारीमा पुग्न ६० दिनको समय दिइएको छ ।

यसबीच लेबनानमा इजरायल र इरान समर्थित हिजबुल्लाहबीचको तनावले युद्धविरामको अवस्थालाई चुनौती दिएको छ । मंगलबार लेबनानमा पुनः हिंसात्मक घटना भए पनि स्थिति थप जटिल बनेको छैन ।

यता अमेरिकी विदेशमन्त्री मार्को रुबियो तीन राष्ट्रको भ्रमणका क्रममा पर्सियन खाडी क्षेत्रमा पुगेका छन् । उनले अबुधाबीमा संयुक्त अरब इमिरेट्सका राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयानसँग भेटवार्ता गरेका छन् भने त्यसपछि कुवेत र बहराइन भ्रमण गर्ने कार्यक्रम रहेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । *रासस/एपी*

# इरानको दाबीः अमेरिका पराजित

**तेहरान–** मध्यपूर्व युद्ध अन्त्यका लागि इरान र संयुक्त राज्य अमेरिकाबीच भएको सम्झौताले अमेरिकी दबाबको विजय नभई अमेरिकाको पराजयलाई पुष्टि गरेको इरानका प्रमुख वार्ताकार तथा संसद् अध्यक्ष मोहम्मद बाघेर गालिबफले बताएका छन् । उनले उक्त समझदारी इरानी जनताको प्रतिरोध र अधिकारको संरक्षणको परिणाम भएको दाबी गरे ।

अजरबैजानको राजधानी बाकुमा बुधबार आयोजित एक सम्मेलनलाई सम्बोधन गर्दै गालिबफले पाकिस्तानको मध्यस्थतामा सम्पन्न 'इस्लामाबाद समझदारी' कुनै दबाब वा जबर्जस्तीको उपज नभएको बताए । उनका अनुसार इरानी जनताको दृढ प्रतिरोध र राष्ट्रिय अधिकारको रक्षाले नै उक्त सहमति सम्भव भएको हो ।

उनले इस्लामाबादमा भएको सहमतिलाई अमेरिकाको पराजयको घोषणापत्रको रूपमा व्याख्या गर्दै मध्यपूर्वको सुरक्षा क्षेत्रीय देशहरूले नै सुनिश्चित गर्नुपर्ने धारणा राखे । विदेशी सैन्य उपस्थितिले स्थायी सुरक्षा स्थापना गर्न नसक्ने र बरु अस्थिरताको स्रोत बन्ने उनको भनाइ थियो । गालिबफले मध्यपूर्वबाट विदेशी सैन्य शक्तिको फिर्तीलाई इरानको दीर्घकालीन रणनीतिक लक्ष्यका रूपमा उल्लेख गरे । उनका अनुसार क्षेत्रीय सुरक्षा बाह्य हस्तक्षेपबाट नभई क्षेत्रीय सहकार्य र आपसी समझदारीबाट सम्भव हुन्छ ।

संयुक्त राज्य अमेरिकाले मध्यपूर्वका विभिन्न देशमा सैन्य आधारहरू कायम राख्दै आएको छ । युद्धका क्रममा अमेरिकी र इजरायली सेनाले इरानमाथि गरेको बम आक्रमणको प्रत्युत्तरस्वरूप इरानले पनि केही आयोजक तथा साझेदार मुलुकहरूलाई लक्षित गरी आक्रमण गरेको थियो ।

गालिबफले क्षेत्रको भविष्य द्वन्द्वमा नभई सहकार्यमा रहेको बताउँदै विनाशको सट्टा सहअस्तित्व आवश्यक रहेको धारणा व्यक्त गरे । उनको यो अभिव्यक्तिलाई इरानी आक्रमणको निशानामा परेका खाडी राष्ट्रहरूप्रति सन्देशका रूपमा पनि हेरिएको छ ।

इरानका प्रमुख वार्ताकारले लेबनानमा स्थायी शान्ति स्थापना हुनु वासिंटनसँग भएको सहमतिको महत्त्वपूर्ण आधार रहेको दोहोऱ्याए । उनका अनुसार लेबनानमा युद्धविराम कायम हुनु इरानमा युद्धविराम कायम हुनुसँग समान रूपमा महत्त्वपूर्ण छ । उनले लेबनानमा युद्धको अन्त्य र इरानमा युद्धको अन्त्य एकअर्कासँग जोडिएको विषय भएको उल्लेख गर्दै क्षेत्रीय स्थायित्वका लागि दुवै मोर्चामा शान्ति अपरिहार्य रहेको बताए । *रासस/एएफपी*

# बर्नहचाम सत्ताको संघारमा

**लण्डन–** बेलायतको सत्तारूढ लेबर पार्टीमा नेतृत्व परिवर्तनको प्रक्रिया तीव्र बनेसँगै एण्डी बर्नहचाम नयाँ प्रधानमन्त्री बन्ने दिशामा थप बलियो देखिएका छन् । सम्भावित प्रतिद्वन्द्वी मानिएका क्याबिनेट मन्त्री डचारेन जोन्सले नेतृत्व दौडमा सहभागी नहुने स्पष्ट गरेपछि बर्नहचामको बाटो थप सहज बनेको छ । यसैबीच, राजीनामाको घोषणा गरिसकेका प्रधानमन्त्री किर स्टार्मरले आफ्नो कार्यकालको अन्तिम चरणमा अन्तर्राष्ट्रिय कूटनीतिक सक्रियता बढाउँदै राजनीतिक विरासत सुरक्षित गर्ने प्रयास गरिरहेका छन् ।

स्टार्मरले सोमबार पदत्याग गर्ने योजना सार्वजनिक गरेका थिए । लेबर पार्टीले नयाँ नेता चयन गरेपछि केही साताभित्र उनी प्रधानमन्त्री पदबाट बाहिरिने तयारीमा छन् । बुधबार उनले संसद्मा साप्ताहिक प्रधानमन्त्री प्रश्नोत्तर सत्रको सामना गर्नुपर्ने छ भने त्यसपछि युक्रेन युद्ध, युरोपेली सुरक्षा र मध्यपूर्वको अवस्थाबारे छलफल गर्न बर्लिन प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।

बर्लिनमा जर्मनी, फ्रान्स, इटाली, पोल्याण्ड र बेलायत सम्मिलित 'ई-५' समूहको बैठकमा उनको सहभागिताले कार्यकालको अन्तिम चरणमा अन्तर्राष्ट्रिय मुद्दामा उनले दिएको प्राथमिकतालाई झल्काउँछ । घरेलु राजनीतिक दबाबकाबीच पनि युक्रेनलाई सहयोग तथा इरानसँग सम्बन्धित क्षेत्रीय तनावको असर व्यवस्थापनका लागि युरोपेली साझेदारहरूसँग समन्वय गर्न उनी सक्रिय देखिएका छन् ।

लेबर पार्टीभित्र केही नेताहरूले बर्नहचामका नीति र दृष्टिकोणमाथि खुला बहस आवश्यक रहेको भन्दै नेतृत्व प्रतिस्पर्धा हुनुपर्ने धारणा राखेका थिए । यही उद्देश्यले डचारेन जोन्सलाई उम्मेदवारी दिन प्रोत्साहन गरिएको थियो र बर्नहचामले सांसद तथा पार्टी सदस्यहरूसमक्ष आफ्ना नीति र कार्यक्रमको परीक्षण गराउने अवसर प्राप्त हुने अपेक्षा गरिएको थियो । तर अर्कोतर्फ, नेतृत्व प्रतिस्पर्धाले पार्टीभित्रको विभाजन उजागर गर्ने र राजनीतिक अनिश्चितता लम्ब्याउने तर्क पनि प्रस्तुत गरिएको थियो ।

स्काई न्युजसँग कुरा गर्दै जोन्सले नेतृत्वको दौड आफूले नलड्ने स्पष्ट पारे । यद्यपि उनले बर्नहचामलाई आर्थिक नीतिमा अत्यधिक वामपन्थी दिशातर्फ नजान सुझाव दिए । व्यापारिक तथा वित्तीय क्षेत्रका केही व्यक्तिहरूले लेबर सरकारको सम्भावित आर्थिक नीतिप्रति चासो र चिन्ता व्यक्त गरिरहेका बेला जोन्सले भावी वित्तमन्त्रीले बजार, ट्रेड युनियन, संसदीय लेबर पार्टी र आम जनतालाई विश्वासमा लिन सक्ने क्षमता राख्नुपर्ने बताए ।



बर्नहचामले अर्को साता आफ्ना केही आर्थिक योजनाबारे सार्वजनिकरूपमा धारणा राख्ने अपेक्षा गरिएको छ । प्रधानमन्त्री स्टार्मरद्वारा नियुक्त वित्तमन्त्री राहेल रिभ्सलाई प्रतिस्थापन गर्ने व्यक्ति चयन गर्ने जिम्मेवारी पनि सम्भावितरूपमा बर्नहचामकै हातमा पर्ने देखिएको छ ।

स्टार्मरको दुई वर्षे कार्यकाल विभिन्न राजनीतिक निर्णय, नीतिगत विवाद र रणनीतिक त्रुटिका कारण निरन्तर दबाबमा रह्यो । ती घटनाक्रमले पार्टीभित्र र जनतामाझ उनको लोकप्रियतामा असर पारेको मानिन्छ । त्यसैको परिणामस्वरूप उनले नेतृत्व हस्तान्तरणको निर्णय लिएका हुन् ।

सन् २०१७ देखि ग्रेटर म्यानचेस्टरका मेयर रहेका पूर्वक्याबिनेट मन्त्री बर्नहचामले गत साता सम्पन्न उपनिर्वाचनमार्फत पुनः संसद्मा प्रवेश गरेका थिए । संसद्मा फर्कनुको प्रमुख उद्देश्य नै लेबर पार्टीको नेतृत्व तथा प्रधानमन्त्री पदका लागि दाबी प्रस्तुत गर्नु रहेको राजनीतिक विश्लेषकहरूको बुझाइ छ ।

अहिलेसम्म उनीविरुद्ध कुनै औपचारिक चुनौती देखिएको छैन । सम्भावित प्रतिस्पर्धी मानिएका पूर्वस्वास्थ्यमन्त्री वेस स्ट्रिटिङलेसमेत बर्नहचामलाई समर्थन गर्ने घोषणा गरिसकेका छन् ।

लेबर नेतृत्वका लागि उम्मेदवारी दर्ता जुलाई ९ मा खुल्ने र एक सातापछि बन्द हुने कार्यतालिका तय गरिएको छ । यदि बर्नहचाम एकमात्र उम्मेदवार रहे भने उनी जुलाई १७ भित्रै प्रधानमन्त्री बन्न सक्ने छन् । प्रतिस्पर्धा भएमा भने सेप्टेम्बर १ मा संसद्को ग्रीष्मकालीन बिदा समाप्त भएर पुनः बैठक सुरु हुँदासम्म नयाँ नेता चयन भइसक्ने अपेक्षा गरिएको छ ।

मंगलबार मन्त्रिपरिषद्को साप्ताहिक बैठकमा स्टार्मरले उत्तराधिकारीलाई जिम्मेवारी हस्तान्तरण गर्ने प्रक्रिया व्यवस्थित र स्थिर ढंगले अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए । प्रधानमन्त्री पदको अन्तिम चरणमा रहँदा उनले आफ्नो राजनीतिक विरासतलाई बलियो बनाउने प्रयास जारी राखेका छन् । यद्यपि, अबको अवधिमा उनलाई नयाँ ठूला नीतिगत घोषणा वा अतिरिक्त खर्च प्रतिबद्धता गर्ने अधिकार नरहेको जनाइएको छ ।

यसैबीच, बेलायती सरकारले लामो समयदेखि प्रतीक्षामा रहेको रक्षा लगानी योजनासमेत सार्वजनिक गर्ने तयारी गरिरहेको छ । रक्षामन्त्री जोन हेलीको राजीनामापछि सुरु भएको रक्षा क्षेत्रको पुनर्संरचना प्रक्रियालाई अगाडि बढाउँदै जुलाई ७ र ८ मा टर्कीमा हुने नाटो शिखर सम्मेलनअघि उक्त योजना सार्वजनिक हुन सक्ने अपेक्षा गरिएको छ । सम्मेलनमा स्टार्मर सहभागी हुने सम्भावना रहेको बताइएको छ । *रासस/एपी*

# भाइकिङ समाजको नयाँ रहस्य



**सोफ्टेन (डेनमार्क)–** डेनमार्कमा करिब एक हजार वर्ष पुरानो विशाल भाइकिङकालीन कपडा उत्पादन केन्द्र फेला परेपछि भाइकिङ समाज अपेक्षाभन्दा धेरै व्यवस्थित, विकसित र आर्थिकरूपमा संगठित रहेको नयाँ प्रमाण प्राप्त भएको छ । पुरातत्त्वविद्हरूले यो खोजले भाइकिङहरू केवल आक्रमणकारी वा योद्धामात्र नभई उन्नत उत्पादन प्रणाली र व्यापारिक सञ्जाल निर्माण गर्ने समाज रहेको देखाएको बताएका छन् ।

मोएसगार्ड संग्रहालयका विशेषज्ञहरूले डेनमार्कको जुटल्याण्ड प्रायद्वीपस्थित सोफ्टेन क्षेत्रमा करिब एक लाख वर्गमिटर क्षेत्रमा फैलिएको विशाल बस्ती फेला पारेका हुन् । आरहुस सहरबाट करिब १० किलोमिटर उत्तरमा रहेको यो स्थल इस्वी संवत् ६०० देखि ९५० बीचको पछिल्लो फलाम युग र प्रारम्भिक भाइकिङ कालसँग सम्बन्धित मानिएको छ ।

उत्खननको नेतृत्व गरेकी पुरातत्त्वविद् लिभ स्टिडिङ रेहर-ल्याङबर्गले यो बस्तीमा कपडा उत्पादनको स्पष्ट केन्द्र रहेको बताइन् । उनका अनुसार उत्खननबाट धागो कात्ने उपकरण, करघाका तौल, कपडा उत्पादनका संरचना तथा ८० भन्दा बढी पिट हाउस फेला परेका छन् । अर्धभूमिगत ती संरचनाहरू भाइकिङ कालमा कार्यशाला र आवासका रूपमा प्रयोग गरिन्थे ।

पुरातत्त्वविद्हरूले चाँदीका सिक्का, काँचका मोती र विभिन्न भाँडाकुँडा समेत फेला पारेका छन् । उत्पादन तथा शिल्पका लागि छुट्टाछुट्टै क्षेत्र र एउटामात्र आवासीय भवन भेटिएकाले सम्पूर्ण उत्पादन प्रणाली कुनै प्रभावशाली व्यक्ति वा समूहको नियन्त्रणमा रहेको अनुमान गरिएको छ ।

गत तीन दशकमा स्थानीय व्यक्तिहरूले मेटल डिटेक्टरमार्फत यस क्षेत्रमा धेरै चाँदीका सिक्का फेला पारेका थिए । डेढ वर्षअघि सडक तथा औद्योगिक क्षेत्र निर्माणअघि गरिएको परीक्षण उत्खननपछि पुरातत्त्वविद्हरूको विशेष चासो बढेको थियो ।

मोएसगार्ड संग्रहालयका इतिहासकार कास्पर एण्डरसनले सोफ्टेनको खोजले त्यस समयको स्थानीय अर्थतन्त्र, संस्कृति र राजनीतिक संरचना बुझ्न महत्त्वपूर्ण आधार थपेको बताए । उनका अनुसार त्यतिबेला आरहुस अन्तर्राष्ट्रिय व्यापार तथा शासकीय केन्द्रका रूपमा विकसित भइसकेको थियो ।

गत वर्ष नजिकैको लिस्बर्ज क्षेत्रमा भेटिएको अर्को भाइकिङ बस्ती सम्भवतः उच्च वर्गीय परिवारको आवास रहेको मानिएको छ । एण्डरसनका अनुसार सोफ्टेनजस्ता ग्रामीण बस्तीबाट उत्पादन गरिएका सामग्रीहरू ठूला व्यापारिक केन्द्रमा पुगेर अन्तर्राष्ट्रिय व्यापार सञ्जालमा समावेश हुने गर्थे ।

उनले यति ठूलो उत्पादन केन्द्र केवल स्थानीय आवश्यकताका लागिमात्र नभई फराकिलो बजारलाई लक्षित गरेर सञ्चालन गरिएको बताए । सोफ्टेनमा उत्पादित कपडाले स्थानीय सीमाभन्दा धेरै ठूलो व्यापारिक बजार प्राप्त गरेको उनको भनाइ छ । भविष्यमा गरिने कार्बन डेटिङ र पराग विश्लेषणबाट यहाँ कस्तो प्रकारको कपडा उत्पादन हुन्थ्यो भन्ने विषय अझ स्पष्ट हुने अपेक्षा गरिएको छ ।

सन् ७९३ देखि १०६६ सम्म फैलिएको भाइकिङ युगमा नोर्स समुदायले युरोपका विभिन्न भागमा व्यापार, उपनिवेश विस्तार, युद्ध र समुद्री यात्राहरू गरेका थिए । उत्तरी अमेरिकासम्म पुगेका भाइकिङहरूलाई प्रायः आक्रमणकारी समूहका रूपमा चित्रण गरिए पनि सोफ्टेनको यो खोजले उनीहरू व्यवस्थित उत्पादन, श्रम विभाजन र अन्तर्राष्ट्रिय व्यापारमा आधारित उन्नत समाज भएको पुष्टि गरेको पुरातत्त्वविद्हरूले बताएका छन् । *रासस/एपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २८३५०० | प्रति तोला - ० | प्रति तोला - ४४८५ |



धान रोप्ने तयारी | सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकास्थित खेतमा रोपाइँ गर्नका लागि बुधबार धानको ब्याड(बिउँ) उखेल्दै स्थानीय किसान।
*तस्बिर : अजितकुमार झा/रासस*

# ललितपुर महानगरको बजेट सात अर्ब ४८ करोड

■ प्रभाव संवाददाता

**ललितपुर–** ललितपुर महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि रु सात अर्ब ४८ करोड ८७ लाख ८० हजारको बजेट सार्वजनिक गरेको छ।

महानगर उपप्रमुख मञ्जली शाक्य बज्राचार्यको अध्यक्षतामा बुधबार बसेको नवौं नगरसभाको तेस्रो बैठकले चालु खर्चतर्फ रु तीन अर्ब २५ करोड १८ लाख ५१ हजार र पुँजीगततर्फ रु चार अर्ब २३ करोड ६९ लाख २७ हजारको बजेट प्रस्तुत गरेको हो। उपप्रमुख शाक्यले प्रस्तुत गर्नुभएको बजेटमा संस्थागत सुदृढीकरण र सुशासन, दिगो पूर्वाधार तथा सहरी विकास, कला, संस्कृति, सम्पदा संरक्षण र सम्वर्द्धन, सुलभ आधारभूत स्वास्थ्य सेवा तथा नगरवासीको जीवन रक्षा, रोजगारमूलक एवं स्तरीय आधारभूत शिक्षालाई प्राथमिकता दिइएको छ।

यसैगरी बजेटमा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरण, वातावरण संरक्षण, स्थानीय सहकारी तथा उद्यम व्यवसायको प्रवर्द्धन र विकास, सम्पदा तथा सांस्कृतिक एवं धार्मिक पर्यटनको प्रवर्द्धन, अपाङ्गतामैत्री व्यवहार र व्यवस्था, युवा तथा खेलकुद, बालमैत्री व्यवहार र व्यवस्था, विपद् जोखिम न्यूनीकरण र उद्धार, उद्यमशीलता विकासमार्फत रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण, निजी क्षेत्र, गैरसरकारी संस्था र नागरिक समाजसँग सहकार्य, प्रविधियुक्त एवं नागरिक मैत्री र जवाफदेही सेवा प्रवाह तथा प्रत्येक घरमा स्वच्छ खानेपानीलाई प्राथमिकता दिइएको छ।

प्रस्तुत वार्षिक बजेटका लागि महानगरले स्रोत व्यवस्थापनतर्फ सङ्घीय सरकारबाट रु एक अर्ब ३६ करोड ५३ लाख ९० हजार र बागमती प्रदेश सरकारबाट रु १७ करोड ६३ लाख ९० हजार प्राप्त हुने अनुमान गरिएको छ।

त्यस्तै आन्तरिक आयबाट रु तीन अर्ब ३५ करोड ५० लाख सङ्कलन हुने अनुमान बजेटमा उल्लेख छ। त्यस्तै अन्तर सरकारी अख्तियारीबाट रु एक अर्ब ६ करोड २० लाख प्राप्त हुने अपेक्षा गरिएको छ। रु एक अर्ब ४७ करोड नगद मौज्दातबाट बेहोरिने उपप्रमुख शाक्यले जानकारी दिइन्।




महानगरले गत वर्ष रु सात अर्ब ४७ करोड ४१ लाख ४७ हजारको वार्षिक बजेट प्रस्तुत गरेकामा २०८३ को जेठ मसान्तसम्म रु तीन अर्ब ४३ करोड ७६ लाख ९१ हजार अर्थात् ५१.२ प्रतिशत बजेट खर्च भएको उपप्रमुख शाक्यले जानकारी दिइन्। यसअघि यही असार ५ गते भएको नगरसभाको पहिलो बैठकमा महानगरप्रमुख चिरीबाबु महर्जनले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। सोही नीति तथा कार्यक्रमको आधारमा बुधबार बजेट प्रस्तुत गरिएको महानगरका प्रवक्ता राजु महर्जनले जानकारी दिए।

## वीरगञ्जको बजेट चार अर्ब ४२ करोड

**वीरगञ्ज (प्रस)–** वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि रु चार अर्ब बराबरको बजेट सार्वजनिक गरेको छ।

नगरसभाको २०औं अधिवेशनमा महानगरका कार्यवाहक प्रमुख इम्तियाज आलम तर्फबाट नगर कार्यपालिका सदस्य जगत साहले रु चार अर्ब ४२ करोड ३४ लाख ६९ हजारको अनुमानित बजेट सार्वजनिक गरे।

प्रस्तुत बजेटअनुसार पुँजीगत खर्चतर्फ रु एक अर्ब ९६ करोड ९९ लाख ८४ हजार अर्थात् ४४.६ प्रतिशत तथा वित्तीय व्यवस्थापनतर्फ रु पाँच करोड अर्थात् १.१ प्रतिशत बजेट छुट्याइएको छ।

त्यसैगरी चालु खर्चतर्फ रु दुई अर्ब ४० करोड ३४ लाख ६९ हजार अर्थात् कूल बजेटको ५४.३ प्रतिशत विनियोजन गरिएको छ। संघीय अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु एक अर्ब ९८ करोड २९ लाख, आन्तरिक राजस्वबाट रु एक अर्ब ४८ करोड, सङ्घीय राजस्व बाँडफाँटबाट रु २४ करोड ६८ लाख ८३ हजार रूपैयाँ छ।

प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु पाँच करोड २८ हजार तथा प्रदेश राजस्व बाँडफाँटबाट रु एक करोड ६७ लाख १४ हजार प्राप्त हुने अनुमान गरिएको छ। त्यसअघि नगरसभामा कार्यवाहक प्रमुख आलमले आगामी आर्थिक वर्षका लागि महानगरको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

# मौद्रिक नीतिलाई लगानीमैत्री बनाउन चेम्बरको सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सले आगामी मौद्रिक नीतिलाई लगानी, उत्पादन तथा निजी क्षेत्रमैत्री बनाउन नेपाल राष्ट्र बैंकलाई विभिन्न सुझाव दिएको छ।

चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले बिहीबार नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलसँग भेट गरी बैंकिङ तथा वित्तीय क्षेत्रमा देखिएका समस्याको समाधान गर्दै व्यवसायीलाई सहज वातावरण सिर्जना गर्ने गरी मौद्रिक नीति ल्याउन आग्रह गरेको हो। प्रतिनिधिमण्डलले विशेष गरी ७ प्रतिशत को आर्थिक वृद्धिदर हासिल गर्नको लागि २० प्रतिशत भन्दा बढी कर्जा प्रवाह गर्ने गरी नीति ल्याउन आग्रह गरेको छ।

मुलुकको अर्थतन्त्र विगत पाँच वर्षदेखि निरन्तर सुस्त अवस्थामा रहेको, उद्योग, व्यापार, निर्माण, पर्यटन तथा सेवा क्षेत्र अपेक्षित रूपमा चलायमान हुन नसकेको र निजी क्षेत्रको मनोबल कमजोर बन्दै गएको भन्दै मौद्रिक नीतिमार्फत आर्थिक गतिविधि विस्तारमा विशेष प्राथमिकता दिन आग्रह गरेको हो।

चेम्बरले एकल अङ्कको ब्याजदरलाई स्थायी नीति बनाउन, बैंक दर ५ प्रतिशत कायम गर्न, स्प्रेड दर ३.५ प्रतिशतमा सीमित गर्न तथा चालु पुँजी कर्जा निर्देशिका २०७८ तत्काल खारेज गरी व्यवसायीलाई सहज रूपमा कार्यशील पुँजी उपलब्ध गराउन माग गरेको छ।

प्रतिनिधिमण्डलले सम्पत्ति शुद्धीकरण सम्बन्धी विद्यमान कानुनी व्यवस्थाले वैधानिक रूपमा आर्जित सम्पत्ति भएका उद्योगी-व्यवसायीमा समेत अनावश्यक त्रास सिर्जना गरेको उल्लेख गर्दै ऐन तथा कार्यान्वयनलाई व्यवहारिक र व्यवसायमैत्री बनाउनुपर्नेमा जोड दिएको छ। २०६४ सालअघि आर्जित सम्पत्तिको अभिलेखीकरण राज्य संयन्त्रमै व्यवस्थित नभएकाले त्यस अवधिका सम्पत्तिको स्रोत सम्बन्धमा व्यावहारिक दृष्टिकोण अपनाउनुपर्ने सुझाव दिइएको छ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरूमा केवाईसी तथा ग्राहक पहिचानसम्बन्धी प्रक्रिया अत्यधिक झन्झटिलो, दोहोरो र बैंकपिच्छे फरक भएकाले सेवाग्राही र व्यवसायीले अनावश्यक सास्ती भोग्नुपरेको चेम्बरले जनाएको छ। एक पटक कुनै बैंकमा केवाईसी पूरा गरिसकेपछि अन्य बैंक तथा वित्तीय संस्थामा पुनः सोही प्रक्रिया दोहोर्याउन नपर्ने गरी एकीकृत डिजिटल प्रणाली लागू गर्न र बैंकिङ कागजात तथा फारामलाई पनि एकरूप बनाउन आग्रह गरिएको छ।

सुझावपत्रमा बैंकको किस्ता र ब्याज समयमै तिर्न नसकेका उद्योगी-व्यवसायीलाई तत्काल कालोसूचीमा राख्नुको सट्टा व्यवसायको प्रकृति हेरी पुनर्तालिकीकरण र पुनर्संरचनाको सुविधा उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ। विशेष गरी हाउजिङ तथा रियल इस्टेट क्षेत्रलाई पुनर्जीवित गर्न कर्जा पुनर्संरचना, पुनर्तालिकीकरण तथा लोन टु भ्यालु रेसियो ८० प्रतिशत कायम गर्न आग्रह गरिएको छ ।

त्यसैगरी, कर्जा-आम्दानी अनुपात सम्बन्धी कठोर व्यवस्था पुनरावलोकन गर्न, व्यक्तिगत जमानी दिने व्यक्तिको दायित्व निजको शेयर स्वामित्वको अनुपातसम्म सीमित गर्न, कम्पनी ऐनअनुसार सीमित दायित्वको सिद्धान्तलाई बैंकिङ क्षेत्रमा समेत प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा एउटा कम्पनी कालोसूचीमा पर्दैमा सम्बन्धित अन्य कम्पनीहरूको कारोबार नरोकिने व्यवस्था गर्न माग गरिएको छ।

# मधेस प्रदेशमा आँपको उत्पादन घट्यो

**जनकपुरधाम (प्रस)–** मधेस प्रदेशमा आँपखेती गर्ने जमिनको को क्षेत्रफल बढे पनि उत्पादन घटेको छ। यस वर्ष हावाहुरी र रोग-कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषि विज्ञ दिनेश यादवले बताए। किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि उत्पादनमा हावाहुरीले क्षति पुर्‍याएपछि किसान भने चिन्तित छन्।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ। उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत नौ दशमलव चार मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको बागवानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिक टन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो।

तुलनात्मक रूपमा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ। निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिक टन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ।

जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ। त्यसैगरी, सर्लाहीमा दुई हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा तीन हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा तीन हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा एक हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट पाँच हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको तथ्यांक छ।

मधेस प्रदेशमा मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादन हुन्छ। यहाँ उत्पादन भएका आँप प्रदेशभित्रका जिल्लाको साथै काठमाडौं उपत्यका र देशका अन्य प्रमुख बजारमा निर्यात हुँदै आएको छ। उनका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ,

यसबाट बच्न:

- घरपालुवा जनावरलाई नियमितरूपमा रेबिजविरूद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेबिजविरूद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रूपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

रेबिज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फर्छ्यौट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ